
# लेखापरीक्षण प्रतिवेदन

# कुश्मा नगरपालिका, पर्बत

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# कुश्मा नगरपालिका, पर्बत

आर्थिक वर्ष २०८०/८१

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

प.सं.:2081/82 मिति : २०८२-२-९

च.न.:FAR/2080-81/LOC/587

श्री नगरप्रमुखज्यू,

कुश्मा नगरपालिका,नगर कार्यपालिकाको कार्यालय,
पर्वत।

**कैफियतसहितको राय**

हामीले यस पालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोष को वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी राय सहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदन को कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेकपेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूत रूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले पेश गरेको प्राप्ति र भुक्तानीको एकीकृत प्रतिवेदन (म.ले.प.फा.नं. २७०) मा अन्तरसरकारी हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु. २१ करोड ८४लाख ६२ हजार र गरिबसँग विश्वेश्वर कार्यक्रमको रु.४ लाख १५ हजार समेत रु. २१ करोड ८८ लाख ७७ हजार समावेश गरेको छैन।

२. त्यस पालिकाको रु.१ अर्ब ५२ करोड ८१ लाख ७४ हजारको लेखापरीक्षण गरिएकोमा रू. ५ करोड १५ लाख ७६ हजार बेरुजू देखिएको छ। ऐनको म्यादभित्र पालिकावाट प्रतिकृयाको लागि म्याद थप आग्रह नगरेकोले संपरीक्षण हुन सकेन ।यस वर्षको बाँकी बेरुजु मध्ये असुल गर्नुपर्ने रू.१करोड ३ लाख ७२ हजार,प्रमाण कागजात पेस गर्नुपर्ने रू.२ करोड ५७ लाख ४० हजार र नियमित गर्नुपर्ने रु.१ करोड १९लाख २१ हजार र पेस्की बाँकी रु.२१ लाख २५ हजार रहेको छ। गत वर्षसम्म रु.२२करोड ५७ लाख ६१ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. २४ करोड १० लाख ७५ हजार रहेको छ।बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३. पालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८,१४ र १७ तथा सम्पत्ति दायित्व, राजस्वको खुलासा गरेको छैन ।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने पालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य ब्यहोरा**

यो पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन को जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी नगरपालिका व्यवस्थापनमा रहेको छ। नगरकार्यपालिका, नगरपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( राजेन्द्र राज ओझा )

नायब महालेखापरीक्षक

# बेरुजु वर्गीकरण

**चालु वर्षको बेरुजु**

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौंट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्नी नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ५५ | ११० | ५०१५७६९७ | ० | ० | ० | ० | ५५ | ११० | ५०१५७६९७ | १०३७१८०१ | ११९२०८१७ | २५७४००७९ | ० | ० | ३७६६०८९६ | २१२५००० |

**अद्यावधिक बेरुजू स्थिति**

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| पर्वत | २२५७६१६७७ | ० | ३५३२५९२४ | १९०४३५७५३ | ४८१९७२४ | ५०१५७६९७ | २४१०७५३७४ |

**बेरुजु सम्परीक्षणको विवरण**

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|
| १ | २०७९/८० | प्रोत्साहन भत्ता बढी भुक्तानी | ११६९६०.० |
| २ | २०७८/७९ | सर्त वितरित खर्च | ५०००००.० |
| ३ | २०७८/७९ | शिर्षक फरक | १९६५२७.० |
| ४ | २०७८/७९ | पालिकाको साझेदारी नभएको | २४९९७३०.० |
| ५ | २०७८/७९ | कार्यसम्पादनमा आधारित प्रोत्साहन | ५९५००००.० |

| | | | |
|---|---|---|---|
| ६ | २०७८/७९ | आईसिटी ल्याव स्थापना | १९५००००.० |
| ७ | २०७७/७८ | कार्यसम्पन्न प्रतिवेदन पेश नभएकोः | ७००००००.० |
| ८ | २०७९/८० | पेश्की बाँकी | ३४७७१८२.० |
| ९ | २०७८/७९ | विद्यालय भवन निर्माण | ५४०००००.० |
| १० | २०७८/७९ | पेश्की बाँकी | ५६९३२५०.० |
| ११ | २०७७/७८ | पेश्की बाँकी | ४१६५२७५.४१ |
| 12 | २०७४/७५ | मेनुअल पेश्की फस्यौट घरेलु साना,वराहथान निर्माण,कर्मचार्य निर्माण,छत्रनाथ पौडेल,प्रताप शर्मा | १३३००००।०० |
| 13 | २०७५।७६ | मेनुअल पेश्की फस्यौट,मोहलाल लामिछाने,जंग वहादुर के सी, | २९८०००।०० |
| 14 | २०७६।७७ | पेश्की, आई सि टी पाङधैरनी मावि,विश्वज्योति,मदरसा गुल्सने वकारत,शुमकल्याण आवि | ३०४९०००।०० |
| जम्मा | | | ३५३२५९२४।०० |

# (८०४४२४०१३०० - कुश्मा नगरपालिका, पर्बत )

## परिचय

१ **परिचय**

**(क)**स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस कुश्मा नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु कुश्मा नगरपालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ९३.१८ वर्ग किलोमिटर क्षेत्रफल तथा ३८१०१ जना जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१ ।०५।११ देखि २०८१ ।०६।०४ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

२ **वित्तीय विवरण**

**स्थानीय सञ्चितकोषको अवस्थाः २०८०।८१**

| सि.नं. | आय | | सि.नं. | व्यय | |
|---|---|---|---|---|---|
| | शीर्षक | रकम | | शीर्षक | रकम |
| १. | गत वर्षको जिम्मेवारी | | १. | चालु | ६२३०६०२८४.३५ |
| | बैंक मौज्दात | ८४६९०९०९.८६ | २. | पूँजीगत | १३९८६३२७८.८५ |
| २. | यस वर्षको धरौटी आम्दानी | ८२८०९८८.८६ | ३. | धरौटी फिर्ता | ५५६६७२९.८५ |
| ३. | आन्तरिक राजश्व आम्दानी | | ४. | कोष खर्च | |
| | आन्तरिक राजश्व | २२१५९४८०.०५ | | मर्मत सम्भार कोष | ०.०० |
| | राजश्व बाँडफाँड प्रदेश सरकार | १५९२५९७८.०० | | प्रकोप व्यवस्थापन कोष | २५९२५१९.७८ |
| | राजश्व बाँडफाँड संघीय सरकार | १००३१६०००.२४ | | कर्मचारी कल्याण कोष | ०.०० |
| | अन्य आय | | | विविध खर्च खाता | २०८६७९९.०० |
| ४. | संघीय सरकारबाट प्राप्त अनुदान | | ५. | मौज्दात | |
| | वित्तीय समानिकरण अनुदान | १२०५२८०००.०० | | बैंक मौज्दात | १७७४३९०६.६७ |
| | सशर्त अनुदान | ४२५६८७४९१.१४ | | धरौटी मौज्दात | २२३८३११०.२५ |
| | समपुरक अनुदान | ८६२०९५२.०० | | कल्याण कोष खाता | ६८६५१०२.०० |
| | विशेष अनुदान | ११५७५१०४.०० | | प्रकोप व्यवस्थापन खाता | १५८८९९८.१४ |
| ५. | प्रदेश सरकारबाट प्राप्त अनुदान | | | मर्मत सम्भार खाता | ३६०८०००.०० |
| | वित्तीय समानिकरण अनुदान | १३३७७०००.०० | | विविध खर्च खाता | १२०३६७६२.९० |
| | सशर्त अनुदान | ११८८०४८८.०० | | अन्य कोष | २३००४०५.०० |
| | विशेष अनुदान | ३२१००००.०० | | | |
| ६. | विभिन्न कोष तर्फको आय | | | | |
| | मर्मत सम्भार कोष | ०.०० | | | |
| | प्रकोप व्यवस्थापन कोष | २५०००००.०० | | | |
| | कर्मचारी कल्याण कोष | १८६५१०७.०० | | | |
| ७. | विषयगत निकायबाट प्राप्त रकम | | | | |
| | अन्य | ९०७८३९७.६४ | | | |
| | | | | | |

| | जम्मा | ८३९६९५८९६.७९ | | जम्मा | ८३९६९५८९६.७९ |
|---|---|---|---|---|---|

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **सेवाप्रवाहको स्थितिः**

शुसासन व्यवस्थापन तथा सञ्चालन ऐन,२०६५ वमोजिम सार्वजनिक निकायले सेवा प्रवाहलाई छिटो छरितो पहुंचयोग्य वनाउनुपर्दछ । यस नगरपालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्न विषयमा विभिन्न प्रकारका १९७२ जनालाई देहाय बमोजिम पञ्जिकरण सेवा प्रवाह गरेको छ तर केकति सेवाग्राहीले सेवाको लागि निवेदन दिएका थिए सो को रेकर्ड प्राप्त हुन सकेन। पालिकाले सेवा प्रवाहको पृष्ठपोषणको रुपमा सेवाग्राही सन्तुष्टी फारमको विकास गरि पृष्ठपोषणको समेत व्यवस्था गर्नुपर्दछ ।

| विवरण | सेवा संख्या |
|---|---|
| जन्म दर्ता | ९८१ |
| मृत्यु दर्ता | ३६८ |
| बसाईसराई दर्ता | १४५ |
| विवाह दर्ता | ४२२ |
| सम्बन्ध विच्छेद दर्ता | ५६ |
| **जम्मा** | १९७२ |

४ **बजेट पेश, पारित र अख्तियारीः**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उप प्रमुखले मिति गते रु. ८७ करोड ८५ लाखको बजेट सभा समक्ष पेश गरेकोमा ३ महिना ढिला गरी २०८०।०६।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।०६।१२ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । सवैधानिक प्रावधान अनुसार वजेट पेश तथा पारित हुने व्यवस्था गर्नुपर्दछ ।

५ **बजेट विनियोजनः**

आर्थिक वर्ष २०८०।८१ को पालिकाको कुल बजेट मध्ये चालु र पूँजीगत बजेट देहाए बमोजिम विनियोजन गरेको छ ।

| **कुल बजेट** | **चालु बजेट रु.** | **प्रतिशत** | **पूँजीगत बजेट रु.** | **प्रतिशत** |
|---|---|---|---|---|
| ८७,८५,००,००० | ४७,६४,९८,४०० | ५४.२४ | ४०,०२,४४,६०० | ४५.५६ |

उक्त विवरण अनुसार पालिकाको यस आर्थिक वर्षमा कुल रु ८७ करोड ८५ लाख बजेट विनियोजन भएकोमा चालु तर्फ रु ४७ करोड ६४ लाख अर्थात ५४.२४ प्रतिशत र पूँजीगत तर्फ रु ४५.५६ प्रतिशत बजेट विनियोजन भएको छ । चालु खर्चलाई वाञ्छित सिमा भित्र राखि पुंजीगत खर्चको दक्षता अभिवृद्धि गर्नुपर्दछ ।

६ **अबण्डा बजेटः**

पालिकाले यस वर्ष विभिन्न शीर्षकमा रु. १ करोड ६६ लाख ५४ हजार बजेट अबण्डा राखी नगर प्रमुख तथा वडा समितिको निर्णयबाट देहाए बमोजिम खर्च गरेको छ ।

| क्र स | अवण्डा बजेट रु | संचालित योजना संख्या | खर्च रु |
|---|---|---|---|
| १ | नगरपालिका तर्फ | सार्वजनिक निर्माण | ८०००००० |
| २ | १४ वटै वडामा | भैपरी आउने खर्च | ८६५४२५० |
| जम्मा | | | १६६५४२५० |

बजेट अवण्डा राखी नगरसभाबाट स्वीकृत नभएका योजनहरुमा कार्यपालिका तथा नगरप्रमुखको निर्णयबाट खर्च गर्ने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ ।

७ **क्षेत्रगत बजेट र खर्चः**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

(रु हजारमा)

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | ३,२०,०८ | २,८८,०१ | ३.७७ |
| सामाजिक विकास | ५१,४१,०४ | ४६,०२,७२ | ६०.३३ |
| पूर्वाधार विकास | १४,८८,९० | १०,५८,८५ | १३.८८ |
| सुशासन तथा अन्तरसम्वन्धित क्षेत्र | ४,००,५२ | २,७४,६८ | ३.६० |
| कार्यलय सञ्चालन | १५,०९,१४ | १४,०४,९५ | १८.४२ |
| **जम्मा** | **८८,६७,६८** | **७६,२९,२१** | **१००** |

उपरोक्तानुसार कुल खर्च मध्ये आर्थिक विकासमा ३.७७ प्रतिशत सुशासन तथा अन्तरसम्वन्धित क्षेत्रमा ३.६० प्रतिशत र पूर्वाधार विकासमा १३.८८ प्रतिशत खर्च भएको देखिदा वजेट विनियोजन तथा खर्च गर्दा सन्तुलित तथा समन्यायिक हिसावले खर्च गर्ने प्रदतिको विकास गर्नुपर्दछ ।

८ **त्रैमासिक पूँजीगत खर्चः**

गण्डकी प्रदेशको आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७९ को दफा ३४ बमोजिम स्वीकृत भएको कार्यक्रममा अनुसुचि २ बमोजिम त्रैमासिक प्रगति विवरण बनाउनु पर्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार यस आर्थिक वर्षमा गरेको पुँजीगत खर्चको स्थिती देहाय बमोजिम रहेको छ ।

| सि.नं. | पूँजीगत खर्च शीर्षक | कुल खर्च | त्रैमासिक खर्च (रु.हजारमा) | | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | |
| १ | पूँजीगत, संघीय प्रदेश, गाउँपालिका | १३९८६१ | ६१८९ | २९६९ | २२५८१ | १०८१२२ | ८४८३१ |
| | कूल खर्च | १३९८६१ | ६१८९ | २९६९ | २२५८१ | १०८१२२ | ८४८३१ |
| | खर्च प्रतिशत | १०० | ४.४३ | २.१२ | १६.१५ | ७७.३ | ६०.६५ |

उल्लेखित विवरण अनुसार चौथो त्रैमासिक पूँजीगत खर्चको ७७.३० प्रतिशत खर्च भएको देखिन्छ भने असार महिनामा मात्र ६०.६५ खर्च भएको देखिन्छ । त्यसैले चौथो त्रैमासिक र असार महिनामा बढी खर्च गर्दा सार्वजनिक निर्माणको गुणस्तर र अनुगमन नियमनमा समेत असर पर्ने हुंदा यस्तो खर्च गर्ने पद्धतिमा नियन्त्रण नियन्त्रण हुनुपर्दछ ।

९ **योजना छनौट र कार्यान्वयनः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष कार्यान्वायन गरेका योजनाहरुको विवरण देहाए बमोजिम रहेको छ ।

रु. हजारमा

| क्र.सं. | विवरण | योजनासंख्या | रकम |
|---|---|---|---|
| १ | रु.१ लाखभन्दा कमको योजना | ७२ | ३६०७ |
| २ | रू.१ लाख देखि रू.३ लाख सम्मका योजना | २३५ | ३८०१७ |
| ३ | रू.३ लाख देखि माथि रू.५ लाख सम्मका योजना | ३६ | १६०८७ |
| ४ | रु.५ लाखदेखि माथि रू.१० लाख सम्मका योजना | २५ | २०२२२ |
| ५ | रू.१० लाख देखि माथि रू.२५ लाख सम्मका योजना | १० | २३००० |
| ६ | रू.२५ लाख भन्दा माथीका योजना | ६ | ४१००० |
| | **जम्मा** | **३८४** | **१४१९३४** |

उपरोक्तानुसार पालिकाले कुल ३८४ योजना मध्ये ५ लाख मुनिमा ३४३ योजना अर्थात ८९.३२ प्रतिशत साना तथा टुक्रे योजनामा खर्च गर्दा अपेक्षित उपलब्धी प्राप्त गर्न कठिनाई हुने हुँदा यस्तो कार्यमा नियन्त्रण गरी ठुला र प्राथमिकता प्राप्त योजनामा ध्यान दिनुपर्दछ ।

१० **खाना तथा विविध खर्चः**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष विविधतर्फ मात्र रु. ३२ लाख ३५ हजार खर्च गरेको छ । नगरपालिकाले बैठक तथा अन्य क्रियाकलाप सँचालनार्थ बिबिध खर्च लेख्दा उपस्थिति सँख्या कार्यक्रमको पुष्ट्याई लगायतका बिबरण तथा बैठक तथा कार्यक्रम सँचालनको लागि लागत अनुमान तयार गरी खर्च लेख्नुपर्दछ । नगरपालिकाले बिबिध बैठक तथा कार्यक्रम सँचालनार्थ खर्च भएको उल्लेख गरी खर्चको पुष्ट्याई बेगर केबल बिल भरपाई मात्र सँलग्न गरी बिबिध शीर्षकबाट खाजाखाना बापतको खर्च लेखेको छ । यस्तो खर्चमा नियन्त्रण गर्नु पर्दछ ।

| सि.नं. | विवरण | रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | न्यू मन्जरी होटल | १२५००० | खाना तथा खाजा खर्च |
| २ | माउण्टेन पिक होटल | ५७००० | अतिथि सत्कार |
| ३ | नविन होटल | २९००० | अतिथि सत्कार |
| ४ | हिमाल होटल | २०००० | अतिथि सत्कार |
| ५ | धौलागिरी होटल | २९००० | अतिथि सत्कार |
| ६ | कुसुम खाजा घर | ६८८६५० | खाना तथा खाजा खर्च |
| ७ | युनिभर्सल पार्टी प्यालेस | ३२०००० | खाना तथा खाजा खर्च |
| ८ | वार्दली खाजा घर | ३७००० | खाना तथा खाजा खर्च |
| ९ | सिटी कर्नर कटेज एण्ड रेष्टुरेन्ट | ६२३६०० | खाना तथा खाजा खर्च |
| १० | सिम्रन खाजा घर | ५७९००० | खाना तथा खाजा खर्च |
| ११ | वेन्ज होटल | ४८२५०० | अतिथि सत्कार |
| १२ | वन्दना होटल | ३२००० | अतिथि सत्कार |
| १३ | होटल ड्रागन | ५०००० | अतिथि सत्कार |
| १४ | जिम्वु थकाली होटल | १००००० | अतिथि सत्कार |
| १५ | माउण्टेन पिक होटल | ६३००० | अतिथि सत्कार |
| जम्मा | | ३२३५७५० | |

११ **वित्तिय विवरणको विश्लेषणः**


पालिकाले यस वर्ष कूल आन्तरिक आयबाट रु. २,२१,५९,४८०।०० राजस्व बाँडफाँड रु. ११,६२,४२,९७८।०० र अनुदानबाट रु. ५९,४८,७९,०३५।१४ समेत रु. ७३,३२,८१,४९३।१४ आम्दानी भएकोमा चालुतर्फ रु. ६२,३०,६०,२८४।३५ र पूँजीगततर्फ रु. १३,९८,६३,२७८।८५ समेत रु. ७६,२९,२३,५६३।२ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा २.९ प्रतिशत रहेको छ । यस वर्ष पदाधिकारी सुविधामा रु. २,३०,९९,०००।०० खर्च भएको छ जुन आन्तरिक आयको १०४ प्रतिशत रहेको छ । पालिकाले यस वर्ष गरेको खर्चमा आन्तरिक आयको हिस्सा २.९ प्रतिशत भएको देखिदा आन्तरिक आयको अवस्था सन्तोषजनक देखिएन आन्तरिक आयको क्षेत्रलाई विस्तार गरि बिकासात्मक तथा दैनिक प्रशासनिक कार्यमा लगाउन सकिने हुंदा समग्र आर्थिक विकास र समृद्धि तथा दिगो विकासको लक्ष्य हांसिल गर्ने तर्फ ध्यान पुर्याउनुपर्दछ ।

१२ **आन्तरिक नियन्त्रण प्रणालीः**

पालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको छैन । यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम छन् -

आन्तरिक नियन्त्रण प्रणालीका सम्वन्धमा महानिर्देशनालयवाट जिन्सी निरीक्षण, योजना अनुगमन निरीक्षण, पाम्सको प्रयोग, उपभोक्ता समितिमार्फत कार्य,गुनासो सुनुवाई, वरवुझारथ, नागरिक वडापत्र, कर्मचारीको कार्यविवरण, सार्वजनिक सुनुवाई, संगठन तथा व्यवस्थापन सर्वेक्षण, कार्यसम्पादन करार, जिन्सी निरीक्षण, आन्तरिक लेखापरीक्षण तथा अन्तिम लेखापरीक्षण लगायतका २९ सुचक तयार गरी फारमको विकास गरिएको र यसमा कार्यालयको धारणा छ/ छैन/ जानकारी नभएको भनी प्रश्नावली तयार गरिएकोमा ९

सुचकमा छैन भन्ने जवाफ दिएको २१ सुचकमा परिपालना भएको र थाहा नभएकोमा केही प्रतिकृया प्राप्त भएन । जसअनुसार कुल सुचकमा ९ सुचकको परिपालना नभएको अर्थात ३० प्रतिशत कार्यान्वियनमा नल्याएको ७० प्रतिशत कार्यन्वयनमा ल्याएको र थाह नभएकोमा कुनै प्रतिकृया प्राप्त भएन । तसर्थ उपरोक्त तथ्यको आधारमा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली सन्तोषजन भएको देखिएको छ । पालिकाले कमजोर देखिएका सुचकहरुमा आन्तरिक नियन्त्रण प्रणालीलाई थप प्रभावकारी र विश्वशनीय बनाई कार्यसम्पादन स्थितिलाई सुदृढ बनाउन ध्यान दिनुपर्दछ ।




१३ **न्यायीक समितिः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । वांकी मुद्धालाई तदारुकताका साथ फछ्यौंट गरी न्याय निरुपण गर्नुपर्दछ ।

| गत वर्षबाट सरेका विवाद | यस वर्ष दर्ता भएको | जम्मा | फछ्यौंट/कारवाही भएका विवाद | फछ्यौंट/कारवाही हुन बाँकी विवाद |
|---|---|---|---|---|
| २ | १३ | १५ | ६ | ९ |

उपरोक्तानुसार गत वर्षको २ वटा यो वर्ष १३ गरि जम्मा १५ वटा मुद्धा दर्ता भएकोमा ६ वटा फछ्यौंट भई ९ वटा मुद्धा वांकी रहेको छ । फछ्यौंट हुन वांकी मुद्धालाई तदारुकताका साथ न्याय निरुपण गर्नुपर्दछ ।

१४ **कानुन निर्माणः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा पालिकाले हालसम्म देहाय बमोजिम कानून निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । पारित भएका ऐन नियमलाई अनिवार्य रुपमा स्थानीय राजपत्रमा प्रकाशित गर्ने व्यवस्था मिलाई निर्माण भएका कानुन कार्यान्वयनको सुनिश्चितता स्थानीय सभामा हुनुपर्दछ ।

| सि.नं. | विवरण | संख्या |
|---|---|---|
| १. | ऐन | ९ |
| २. | नियमावली | ३ |
| ३. | कार्यविधि तथा निर्देशिका | २९ |
| ४. | नीति | ० |
| | **जम्मा** | **४१** |

१५ **सहकारी संस्थाको अनुगमनः**

नेपालको संविधान २०७२ को अनुसुचि ८ मा सहकारी संस्था दर्ता अनुगमन नियमन गर्ने अधिकार नगरपालिकामा रहने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार पालिका भित्र संचालनमा रहेका सहकारी संस्थाको पालिकाले अनुगमन गरेको विवरण देहाय बमोजिम रहेको छ ।

| **पालिकामा दर्ता भएका सहकारी संस्थाको संख्या** | **अनुगमन गरेका सहकारी संस्थाको संख्या** | **अनुगमनबाट देखिएका प्रमुख व्यहोराहरु** | **अनुगमन प्रतिवेदन उपर गरेको कारबाही** |
|---|---|---|---|
| १०५ | ७ | · शेयर सदस्य र संचालक समितिलाई सहकारी सम्बन्धी ज्ञान नहुनु वा कमि हुनु<br>· सहकारी ऐन नियमावली र संस्थाको स्वीकृत विनियम भन्दा बाहिर गएर ऋण लगानी गर्नु ।<br>· संचालकमा एकै परिवारका एक भन्दा बढि सदस्य हुनु ।<br>· लेखा तथा सुपरिवेक्षण समिति जिम्मेबार नहुनु वा लेखा सम्बन्धी प्रयाप्त ज्ञानको कमि हुनु ।<br>· ऋण उपसमितिको सिफारिस विनै संचालकले आँफु खुसी मनोमानी तवरले ऋण लगानी गर्नु र सो को जानकारी सम्पुर्ण शेयर सदस्यलाई नगराउनु ।<br>· आँफु आफ्नो परिवार र नातेदार पर्नेलाई विना धितो लगानी गर्नु ।<br>· गैर सदस्यसँग राता रात धनि हुने सपनामा मिटर कर्जा कल कर्जाको रुपमा ऋण दिनु लगानी १० प्रतिशत सिमा कायम नगर्नु ।<br>· गैर कार्यक्षेत्र भन्दा बाहिर लगानी गर्नु | Ø सहकारी ऐन तथा नियमावली र संस्थाको विनियम भन्दा बाहिर गएर सिमा भन्दा बढि ऋण लगानी नगर्न<br>Ø |

पालिकाको कार्यक्षेत्रभित्र कुल १०५ सहकारी दर्ता भएकोमा यस वर्ष ७ सहकारी अर्थात ६ प्रतिशत मात्र सहकारीको अनुगमन गरेको पाईयो । पालिकामा संस्थागत रुपमा सहकारी शाखाको व्यवस्था भएता पनि अत्यन्त न्युन मात्रामा अनुगमन भएको देखिदा सहकारी संस्थामा देखिएका विचलन न्युनिकरण गर्न ध्यान नपुगेकोले त्यस्ता सहकारी संस्थाहरुको नियमित र सघन अनुगमन गर्दै देखिएका कैफियत कार्यान्वियन गराउने कार्यमा गम्भिरतापूर्वक ध्यानाकर्षण हुनुपर्दछ ।

१६ **समस्याग्रत सहकारी संस्थाः**

गण्डकी प्रदेश सहकारी ऐन,२०७५ को दफा ७६ मा सहकारी निरीक्षण तथा अनुगमन, दफा ७७ मा संस्थाको व्यवसायिक कारोवार सन्तोषजनक नभएको, उदेश्य विपरीत कार्य गरेको, सदस्यको हित विपरीत कार्य गरेमा रजिष्ट्रारको कार्यालयले छानविन गर्न सक्ने व्यवस्था छ ।यस आर्थिक वर्षमा देहाए बमोजिमका १०५ वटा सहकारी संस्था दर्ता भएकोमा १ सहकारी समस्याग्रत अवस्थामा रहेका देखिएको छ । समस्याग्रत यस सहकारीको रु. २ करोड १० लाख शेयर पूँजी, रु. ४ करोड ८७ लाख बचत रकम, रु. ५ करोड ८ लाख ऋण लगानी र रु. ७६ हजार जगेडा कोष सहित सम्पर्क विहिन रहेको जानकारी नगरपालिकाले दिएको छ । समस्यमा रहेका सहकारी संस्था र पदाधिकारी उपर छानविन गरी कारवाही गराउने तथा लगानी भएको ऋण उठाई बचत कर्ताको बचत फिर्ता गर्न पहल गर्नुपर्दछ।

१७ **पेश्की वांकीः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ मा पेश्की दिने र फछ्यौट गर्ने कार्यविधि तोकेको छ । पालिकाले यस वर्ष विभिन्न व्यक्ति संस्थालाई कार्य गर्न पेश्की दिएकोमा हालसम्म फछ्यौंट भएको नपाईएकोले म्याद नाघेको पेश्की फछ्यौट गर्नुपर्ने रु.

| सि.नं | पेश्कि लिएको मिति | पेश्कीको विवरण | पेश्की लिने ब्यक्ति फर्म वा कम्पनीको नाम | पद तथा समितिको नाम | गत आ.व. | म्याद नाघेको |
|---|---|---|---|---|---|---|
| १ | २०७९।०४।०१ | वालवालिका लक्षित | टिकाराम लम्साल | वडा सदस्य | ८०००० | |
| २ | २०७९।०४।०१ | कार्यक्रम खर्च | प्रकाश कुमार रेग्मी | सवारी चालक | ५०००० | |
| ३ | २०७९।०४।०१ | विमा तथा नविकरण | रवि श्रेष्ठ | स.क.अ. | १६०००० | |
| ४ | २०७९।०४।०१ | अभिभावक शिक्षा | विष्णु प्रसाद तिवारी | अधिकृत दशौ | १००००० | |
| ५ | २०७९।०४।०१ | नगर शिक्षा समिति वैठक | विष्णु प्रसाद तिवारी | अधिकृत दशौ | ५०५०० | |
| ६ | २०७९।०४।०१ | विद्यालय शैक्षिक गुणस्तर | विष्णु प्रसाद तिवारी | अधिकृत दशौ | २००००० | |
| ७ | २०७९।०४।०१ | विभिन्न दिवस समारोह | विष्णु प्रसाद तिवारी | अधिकृत दशौ | १००००० | |
| ८ | २०७९।०४।०१ | कार्यक्रम खर्च | सन्जय लामिछाने | ईन्जिनियर | ३०००० | |
| ९ | २०७९।०४।०१ | भ्रमण खर्च | शुसिला अधिकारी | स.म.वि.नि. | १००००० | |
| १० | २०७९।०४।०१ | गुप्तेश्वर निर्माण | धर्म एस.नेशनल | ठेकेदार | ५१००००० | |
| ११ | २०७९।०४।०१ | भवन निर्माण | मल्ल कन्स्ट्रक्सन | ठेकेदार | २१७६००० | |
| १२ | २०७९।०४।०१ | नगर पोर्टल | ए पि न्यू प्लानेट | ठेकेदार | ७२१००० | |
| १३ | २०७९।०४।०१ | अनुदान | कृष्णागण्डकी सि.के. | शैक्षिक संस्था | १००००० | |
| १४ | २०७९।०४।०१ | अनुदान | गुप्तेश्वर वहुमुखी क्याम्पस | शैक्षिक संस्था | ५००००० | |
| १५ | २०७९।०४।०१ | अनुदान | जिल्ला प्रहरी का. | सरकारी संस्था | ६०००० | |
| १६ | २०७९।०४।०१ | पुनस्थापना कार्यक्रम | अपाङ्ग उत्थान समाज | संस्था | ६६००० | |
| १७ | २०७९।०४।०१ | लक्षीत कार्यक्रम | नेपाल विद्युत प्रा. | संस्था | ४६६८२.९८ | |
| १८ | २०७९।०४।०१ | फोहोरमैला ब्यवस्थापन | सेक्रेट नेपाल | संस्था | ६१८८०० | |
| १९ | २०७९।०४।०१ | साना सिचाई | जुकेखोला कान्लागैरे जैसिफाँट सिँचाई | उपभोक्ता समिति | २४०००० | |
| २० | २०७९।०४।०१ | आमा सुरक्षा कार्यक्रम | कुल प्रसाद लामिछाने | सहायक पाँचौ | ४५०००० | |
| २१ | २०७९।०४।०१ | दलित जनचेतना | गोविन्द सुनार | ब्यक्तिगत | ३०००० | |
| २२ | २०७९।०४।०१ | स्रोत केन्द्र ब्यवस्थापन | प्रेम शर्मा सुवेदी | शिक्षक | ६०००० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २३ | २०७९।०४।०१ | कार्यक्रम खर्च | वावुराम सुनार | ब्यक्तिगत | १००००० | |
| २४ | २०७९।०४।०१ | धार्मिक संस्था सहायता | शंकर प्रसाद रिजाल | ब्यक्तिगत | १००००० | |
| २५ | २०७९।०४।०१ | अन्य संस्था अनुदान | सुन्दर प्रसाद जोशी | ब्यक्तिगत | ३०००० | |
| २६ | २०८१।०३।२४ | शहरी स्वास्थ्यकेन्द्र नि. | गोले विसाउना शहरी स्वास्थ्य केन्द्र | उपभोक्ता समिति | | १०००००० |
| २७ | २०८०।०८।२४ | नवशिशु कार्यक्रम | सुनिता कुमारी कुँवर | अ.न.मी. चौथो | | ९०००० |
| २८ | २०८१।०२।०२ | उद्यमशिल कार्यक्रम | योग कुमारी कामी | सहायक पाँचौ | | २५०००० |
| २९ | २०८१।०२।०२ | कार्यक्रम खर्च | योग कुमारी कामी | सहायक पाँचौ | | ३५००० |
| ३० | २०८१।०२।२८ | राष्ट्रपति महिला सशक्तिकरण | नवचेतना सामुदायिक केन्द्र | | | ७५०००० |
| | | | | कुल जम्मा | ११२६८९८३ | २१२५००० |

| | |
|---|---|
| पेश्की | २१,२५,००० |

## १८ तलवी प्रतिवेदन-

निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलबी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य सहितका कर्मचारीको रु. १,३३,७७,०००।०० र पालिकाका २२ जना कर्मचारीको रु.१,४६,००,०००।०० समेत रु. २७९७७०००।०० खर्च लेखेको छ । सभाबाट तलबी प्रतिवेदन पारित भएतापनि सो सम्बन्धि कानुनि ब्यवस्था भएको देखिदैन । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

## १९ दरबन्दी बाहिरको करार सेवा :

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ तर पालिकाले विभिन्न पदमा स्वास्थ्य सहित १०१ जना कर्मचारीहरु पालिकामा करारमा राखी रु. २ करोड ४५ लाख खर्च लेखेको छ । त्यसै गरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्टीसियन, चौकिदार, माली, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । पालिकामा ईन्जिनियर (२ जना), सामाजिक परिचालक (१४ जना), सहायकस्तर चौथो (३ जना), सहायक कम्प्युटर अपरेटर (५ जना), खा.पा.स.टे. (१ जना) समेत २५ जना दरवन्दी वाहेकका कर्मचारी राखि तलव भत्ता र पोशाकमा समेत रु. ९२,३५,९१२ खर्च गरेको छ । पालिकाले कार्यालयको सेवा, प्रवाह सञ्चालनलाई छिटो छरितो र प्रविधि मैत्री बनाउनका लागि प्राविधिक पदहरुमा करारमा जनशक्ति लिनुपर्ने वाध्यात्मक अवस्था भएका कारण कर्मचारी भर्ना गरिएको जनाएको छ । सो कार्यका लागि पालिकाले संगठन ब्यवस्थापन सर्वेक्षण गरि आवश्यक पद सिर्जना गरि कर्मचारीहरु ब्यवस्थापन गर्नुपर्नेमा पालिकाले सो बमोजिम नगरी तलब भत्ता भुक्तानी गरेको नियमसम्मत नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ९२,३५,९१२ |

## २० प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था बमोजिम दरवन्दी स्वीकृत र पदपूर्ति गर्नुपर्नेमा पालिका गठन हुदा संघिय मामिला तथा सामान्य प्रशासन मंत्रालयवाट प्राप्त दरबन्दि बमोजिम कार्य सञ्चालन हुदै आएको छ । सो वमोजिम पालिकाको कुल ६७ कर्मचारी दरबन्दी रहेकोमा २०८०।०३।३१ सम्म ५९ जना दरबन्दी स्थायी पदपूर्ति भई ८ पद रिक्त रहेको छ । दरबन्दी बमोजिम जनशक्तिको समयमा पूर्ति नहुँदा पालिकाको कार्य सम्पादनमा असर परेको छ। रिक्त पदहरू पूर्ति गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ ।

२१ **कल्याण कोष** –

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट भौचर नं ५४८, मिति २०८१।३।१७ मा रु. १८६५१०२।०० कर्मचारी कल्याण कोषमा ट्रान्सफर गरेको छ । कल्याण कोष सञ्चालन सम्बन्धी कानूनी व्यवस्था गरी कोषलाई चलायमान तुल्याउनु पर्दछ ।

२२ **जिन्सी व्यवस्थापन :**

आर्थिक कार्यविधि तथ वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ९५ मा सम्पत्ति तथा जिन्सी मालसामनको लगत तयार गर्नुपर्ने र यसरी लगत तयार गर्दा जिन्सी मालसामानको विवरण र मूल्य खुलाई जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधी लगत अद्यावद्यिक गर्नुपर्ने व्यवस्था छ ।सोही नियमावलीको नियम ९६ बमोजिम मूल्य नाखुलेका सम्पत्ति तथा जीन्सीका मूल्य कायम गरी अद्यावद्यिक गर्नुपर्ने उल्लेख छ । त्यस्तै नियम ९९ अनुसार सरकारी सम्पत्ति तथा जिन्सी मालसामानको मौजुदा अवस्थाको सम्बन्धमा वर्षमा कम्तिमा एक पटक कार्यालय प्रमुखले आफै वा समिति गठन गरी जिन्सी निरीक्षण गरी जिन्सी निरिक्षण प्रतिबेदन तयार गर्नुपर्ने उल्लेख छ ।सो सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन : ·

- पालिकाले पुराना जिन्सी मालसामान के कसरी प्राप्त भएका हुन सो सम्बन्धि अभिलेख राखेको छैन । उक्त मालसामानको मूल्य खुलाई वा मूल्य कायम गरी राखेको देखिएन ।
- सरकारी सम्पत्ति जस्तै सवारी साधन तथा उक्त साधानमा खपत भएको इन्धन, मर्मत खर्च लगायत सबै किसिमका खर्चहरु , घरजग्गा तथा सम्पूर्ण मालसामानको अद्यावद्यिक विवरण सहितको लगत सरकारी सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा राख्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सबै जिन्सी लगत प्याम्समा राखेको छैन । वडातिर भएका जिन्सी मालसामानको (PAMS ) मा इन्ट्री गरेको पाइएन ।त्यस्तै सवारी साधनमा भएका इन्धन, मर्मत लगायतको खर्च PAMS मा अद्यावद्यिक गरेको छैन ।
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १०२ वमोजिम सरकारी कार्यालयको नाममा रहेको घर जग्गाको लगत राख्नुपर्नेमा पालिकाको सबै घर जग्गाको अभिलेख राखेको देखिएन । यन्त्र उपकरण सञ्चालन- पालिकामा रहेका ट्रिपर, ब्याकहो लोडर लगायत मेशिनरी उपकरण सञ्चालन उल्लेख गरी पालिकाले इन्धन, चालक पारिश्रमिक, मर्मत वापत गरेको खर्च र सञ्चालन वापतको आयको छुट्टै अभिलेख राखेको पाईएन । एकातर्फ उक्त उपकरण सञ्चालनको पुर्ण रुपमा लगसिट राखेको छैन भने अर्कोतर्फ लगानी र आय विष्लेषण समेत गरेको पाइएन । उक्त उपकरणहरु सञ्चालन सम्बन्धी कुनै कार्यविधि तयार नगरेको कारण पालिकाका पदाधिकारीहरुको मौखिक निर्देशनमा सञ्चालन हुने गरेको पाइयो । यसरी सञ्चालन हुँदा यन्त्र उपकरण सञ्चालन व्यवस्थित हुन सकेको छैन भने प्राप्त आय प्रति विश्वस्त हुन सक्ने अवस्था रहेको छैन । पालिकाको उपकरणहरु मार्फत प्रदान गरिने सेवा वा सञ्चालनको आय र व्यय व्यवस्थित रुपमा पारदर्शी तवरले अभिलेख राख्नु पर्दछ । यस्ता उपकरण सञ्चालन गर्दा लागत लाभ विश्लेषण समेत गर्नुपर्दछ ।

२३ **सोझै खरिद :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा प्रतिस्पर्धा सिमित हुनेगरी खरिद गर्न नहुने र खरिद नियमावली, २०६४ को नियम ८४ मा रू.१० लाखदेखि २० लाख रुपैयाँ सम्मको सामान सिलबन्दी दरभाउपत्र र सो भन्दा बढीको सामान बोलपत्रको माध्यमबाट

खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै खरिद नियमावली २०६४ को नियम ३ मा सामान खरिद गर्नु अगाडी सामानको आवश्यकता, खरिद प्याकेज , खरिद विधि लगायतको विषयको पुर्व तयारी गर्नुपर्ने व्यवस्था छ। पालिकाले मसलन्द तथा कार्यालय सामाग्री शिर्षकमा खरिद सम्बन्धी कुनै तयारी तथा खरिद योजना नबनाइ पटक पटक खरिद गरेको देखिएको छ ।पालिकाको मसलन्द तथा कार्यालय सामाग्रीमा कुल विनियोजन रु. ६००००००।०० र खर्च रु. ४७२०७६३।०० रहेको छ । आवश्यकता पहिचान गरी ऐनको ब्यबस्था बमोजिम प्रतिस्पर्धाको माध्यमबाट खरिद गरी सरकारी खर्चमा मितव्ययिता र पारदर्शिता कायम गर्नेतर्फ ध्यान दिनुपर्दछ।

| गो भौ नं | आपुर्तिकर्ता | कार्य | खर्च रकम |
|---|---|---|---|
| १२५, २०८०।८।१२ | पोखरेली सप्लायर्स | मसलन्द तथा कार्यालय सामाग्री | ८६१०८२ |
| ३४७, २०८०।१२।२६ | कुश्मा स्टेश्नरी एण्ड सप्लायर्स | मसलन्द तथा कार्यालय सामाग्री | ३९०५२८ |
| ४०५, २०८१।२।५ | पोखरेली सप्लायर्स | मसलन्द तथा कार्यालय सामाग्री | ४५५२३३ |
| ४०५, २०८१।२।५ | मनकामना फोटो एण्ड स्टेश्नरी | मसलन्द तथा कार्यालय सामाग्री | ४०३५११ |
| ४३०, २०८१।२।१६ | शालिकराम स्टेश्नरी सप्लायर्स | मसलन्द तथा कार्यालय सामाग्री | ९०४८७० |
| ४८१, २०८१।२।३२ | शुभ मंगल अफसेट प्रेस | मसलन्द तथा कार्यालय सामाग्री | ५०१७२० |
| ५४७, २०८१।३।१७ | नवमंगल स्टेश्नरी सप्लायर्स | मसलन्द तथा कार्यालय सामाग्री | ५२६५८ |
| ५९४, २०८१।३।२२ | न्यू मनकामना फोटो एण्ड स्टेश्नरी र पोखरेली सप्लायर्स | मसलन्द तथा कार्यालय सामाग्री | १९९८६८ |
| | कुल जम्मा | | ३७६९४७० |

सार्वजनिक खरिद ऐन ,२०६३ दफा ४ मा सार्वजनिक निकायले मालसामान, निर्माण कार्य वा सेवा खरिद गर्नु अघि त्यस सम्बन्धि स्पेशिफिकेशन, विशेष आवश्यकता वा अन्य विवरणहरु तयार गर्नपर्ने उल्लेख छ । साथै सोही ऐनको दफा ५ मा सार्वजनिक निकायले कुनैपनि खरिदको लागि तोकिएबमोजिम लागत अनुमान तयार गर्नुपर्ने र निर्माण कार्यको हकमा बाहेक रु एक लाख भन्दा बढीको खरिद कार्यमा अनिवार्य रुपमा लागत अनुमान तयार गर्नुपर्ने र उपदफा ५(क) अनुसार उक्त लागत अनुमान तोकिएको पदाधिकारीबाट स्वीकृत गराएर मात्र खरिद कार्य गर्नुपर्ने उल्लेख छ ।साथै कुनै सामाग्री खरिद गर्दा आर्थिक वर्षको अन्त्यमा बजेट फ्रिज हुन नदिने उदेश्यले स्टक रहने गरी खरिद गर्न नुहेन व्यवस्था रहेको छ ।पालिकाले विभिन्न मसलन्द तथा स्टेश्नरी सामानहरु वर्षान्तको अवधिमा जेठ र असार महिनामा मात्र १० लाख भन्दा बढीको खरिद गरेको देखिएको छ ।कार्यलयको आवश्यकता, माग तथा स्टोर बाँकी मौज्दात लाई यकिन गरेर मात्र खरिद कार्य गरी खर्चमा मितव्ययिता अपनाउनुपर्दछ ।

## २४ परामर्श सेवाको लागत अनुमान-

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२ मा परामर्श सेवाको लागत अनुमान तयार गर्दा सोसम्बन्धी नर्म्स, परामर्श सेवाको कार्य क्षेत्रगत शर्त, काम सम्पन्न गर्ने लाग्ने समय तथा परामर्श सेवाका जनशक्तिको पारिश्रमिकको आधार खुलाइ अनुसुची १ क को ढाँचामा लागत अनुमान तयार गरी सोहि नियमावलीको नियम १४ ( २) वमोजिम स्विकृत गर्नुपर्ने व्यबस्था छ ।पालिकाले स्विकृत नर्म्स तथा पारिश्रमिकको आधार नखुलाई देहाय वमोजिम लागत अनुमान तयार गरेको देखिएकोले स्विकृत नर्म्स तथा पारिश्रमिकको आधार खुलाइ लागत अनुमान तयार गरिनुपर्दछ ।

| गो भौ नं मिति | आपुर्तिकर्ता | बिबरण | खर्च रकम |
|---|---|---|---|
| ५२,२०८०।०६।३० | नेपाल विकास अनुसन्धान तथा कन्सल्टेन्ट प्रा लि | स्थानीय पाठ्यक्रम निर्माण सेवा परामर्श | ४९८००० |
| ६१० २०८१।३।२३ | ग्लोबल एरा इन्जिनियरिङ्ग कन्सल्टेन्सी | भू उपयोग बर्गीकरण अध्ययन | ११८९१५५ |
| ६१८ २०८१।३।२४ | नेपाल विकास अनुसन्धान तथा कन्सल्टेन्ट प्रा लि | स्थानीय पाठ्यक्रम निर्माण | ३६७६०० |
| | | जम्मा | २०५४७५५ |

२५ **दोहोरो भुक्तानी**

यस पालिकाले पालिकास्तरमा सुत्केरीसँग उपप्रमुख कार्यक्रममा रु १२००००० बजेट विनियोजन गरी प्रति सुत्केरी ४००० दरले भुक्तानी गर्ने गरी रु ७२५००० खर्च गरेको छ भने वडागत रुपमा वडा नं ३, २ र ४ मा सुत्केरी महिला तथा नवशिशुसँग वडा अध्यक्ष राहत पोषण कार्यक्रममा प्रति सुत्केरी रु ३००० भुक्तानी गर्नेगरी रु १३०००० हजार बजेट विनियोजन गरी रु ९९००० खर्च गरेको छ । उक्त कार्यक्रममा निम्नानुसारको सुत्केरीलाई पालिका तथा वडा दुवै कार्यक्रमबाट दोहोरो हुनेगरी भुक्तानी भएको पाइएकोले आगामी दिनमा कार्यक्रम तथा व्यक्ति दोहोरो नपर्नेगरी खर्च गर्नुपर्दछ ।

| सिनं | नाम | पालिकाबाटभुक्तानी | वडाबाटभुक्तानी |
|---|---|---|---|
| १ | सुनिताआचार्य | ४००० | ३००० |
| २ | पुजा पौडेल | ४००० | ३००० |
| ३ | शान्तीशर्मा | ४००० | ३००० |
| ४ | देवी केसीक्षेत्री | ४००० | ३००० |
| ५ | हिराप्रसाई | ४००० | ३००० |
| ६ | लोचन पौडेल | ४००० | ३००० |
| ७ | मनिषाबजगाई | ४००० | ३००० |
| ८ | सविना वि क | ४००० | ३००० |
| ९ | पुतलीपरियार | ४००० | ३००० |
| १० | तुलाकुमारी आलेमगर | ४००० | ३००० |
| | जम्मा | ४०००० | ३०००० |

२६ **कानूनी सल्लाहकार** -

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकिएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्न नहुने उल्लेख छ । पालिकाले कानूनी सल्लाहकारको रुपमा एक जनालाई नियुक्त गरी रु.१ लाख ९८ हजार भुक्तानी भएको छ । स्विकृत दरबन्दी नभएको अवस्थामा सल्लाहकार नियुक्त गरी भुक्तानी गरेको रकम कानुन सम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १,९८,००० |

२७ **कार्मचारी प्रोत्साहन भत्ता** -

स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा ६९(४) अनुसार कर्मचारीलाई कार्य सम्पादनमा आधारित प्रोत्साहन भत्ता प्रदान गर्नका लागि सम्बन्धित स्थानीय तहले आफ्नो आन्तरिक आय स्रोतबाट व्यहोने गरी आवश्यक व्यवस्था गर्न सक्ने उल्लेख छ । पालिकाले यस वर्ष कार्यपालिकाको मिति २०८०।६।०९ को निर्णय अनुसार प्रत्येक १४ वटै वडाका वडा सचिवलाई वडाको भौगोलिक

दुरी तथा विकटताको आधारमा प्रोत्साहन स्वरुप रु १०३७९०० भुक्तानी गरेको छ यसरी प्रोत्साहनको आधार तय नगरी पालिकाको निर्णयबाट भौगोलिक दुरीका आधारमा रु. १०३७९०० कर्मचारी प्रोत्साहन भत्ता भुक्तानी गरेको नियमसंगत मात्र सकिएन ।

| | |
|---|---|
| अनियमित भएको | १०,३७,९०० |

२८ **ईन्धन :**

पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष पदाधिकारी ईन्धनमा रु.१५ लाख विनियोजन भएकोमा सबै खर्च भएको छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार रहेका छनः ·

- गण्डकि प्रदेश पदाधिकारी सेवा सुविधा सम्बन्धि ऐन २०७७ को अनुसूची ख मा वडा अध्यक्षले प्रति महिना १५ लिटर का दरले ईन्धन पाउने उल्लेख छ । साथै सोही ऐनको दफा ४ अनुसार सवारी साधन नगरपालिकाबाट उपलब्ध भएको अवस्था त्यस्तो यातायात सुविधा उपलब्ध नहुने उल्लेख छ । सोहि अनुसार पालिकाले यस वर्ष वडा अध्यक्षको ईन्धनमा रु.२२५०० मासिक पारिश्रमिकमा समावेश गरेर भुक्तानि दिएको छ । पालिकाले वडाको लागि विनियोजन गरेको वडा विविध शिर्षकबाट वार्षिक रु.५० हजार ईन्धन वापत सोधभर्ना दिने गरेको छ ।तर उक्त ईन्धन खर्च गर्नुको प्रयोजन तथा लगबुकमा खुलाउने नगरेकोले उक्त ईन्धन खर्चबाट वडा अध्यक्ष ईन्धन सुविधा लिए नलिएको यकिन गर्न सकिएन ।
- स्थानीय तहका पदाधिकारी सेवा सुविधा सम्बन्धि ऐन २०७५ को अनुसूची १ मा पालिका प्रमुख तथा उपप्रमुखले मासिक ९० लिटर ईन्धन सुविधा पाउने उल्लेख छ ।सो अनुसार वार्षिक २१६० लिटर इन्धन पालिकाले पदाधिकारी इन्धनबाट खर्च लेख्न मिल्ने देखिन्छ । इन्धनको मूल्य रु १६० दरले कुल वार्षिक इन्धन खर्च रु ३४५६०० गर्न सकिने देखिन्छ । अत: पदाधिकारी इन्धनमा भएको जम्मा खर्च रु १५ लाख बाट रु ३४५६०० घटाउँदा रु ११५४४०० बढी खर्च भएको देखिन्छ ।अत: पदाधिकारी इन्धन वापत नगर प्रमुख तथा उपप्रमुखले रु ११५४४०० बढी सुविधा लिएको देखिन्छ । यस्तो खर्चमा नियन्त्रण हुनुपर्दछ ।

२९ **नगरपालिका पोर्टल निर्माणः**

सार्वजनिक खरिद ऐन २०६३ को दफा १२१ वमोजिम निर्माण व्यवसायीको ढिलाईको कारणले खरिद सम्झौता वमोजिमको काम सो समयमा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा जति ढिलो हुन्छ कवोल अंकको प्रतिदिन ०.०५ प्रतिशत प्रतिदिन पूर्वनिर्धारित क्षतिपूर्ति लगाउनुपर्ने व्यवस्था छ । नगरपालिका पोर्टल निर्माण गर्ने भनी मिति २०७७।११।१८ मा रु. ३२ लाख १७ हजार ५०० मा एपि न्यु प्लानेट स्पाईरल जे भी संग एक वर्षभित्र सम्पन्न हुने गरि सम्झौता भएको तर सम्झौताको म्याद भित्र पनि कार्य नसकेको कारण पछिल्लो पटक २०८९ चैत्रसम्म कार्यालयवाट म्याद थप भएको छ । यस अवधिसम्म निज परामशर्दाताको नाममा रु ७१२०००।०० पेश्की उपलव्ध गराएकोमा हालसम्म कार्य सम्पन्न भएको छैन साथै म्याद थप नभएको र कार्य प्रगति ७ प्रतिशत मात्र भएको अवस्थामा परीक्षण अवधिसम्म १७ महिना ढिला भईसक्दा सम्झौताको सेड्युलअनुसार कार्य गरेको देखिएन । तसर्थ म्याद थप पनि नभएको र कार्यप्रगतिको अवस्था पनि सुनिश्चित नभएको कारणले प्रतिदिन ठेक्का अंकको ०.०५ प्रतिदिनको दरले वा १० प्रतिशत नघट्ने गरी रु. ३२१७५०।०० सम्वन्धितवाट क्षतिपूर्ति स्वरुप जरिवाना असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,२१,७५० |

३० **म्याद थपः**

सार्वजनिक खरिद ऐन २०६३ को दफा १२१ वमोजिम निर्माण व्यवसायीको ढिलाईको कारणले खरिद सम्झौता वमोजिमको काम सो समयमा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा जति ढिलो हुन्छ कवोल अंकको प्रतिदिन ०.०५ प्रतिशत प्रतिदिन पूर्वनिर्धारित क्षतिपूर्ति लगाउनुपर्ने व्यवस्था छ । नगरपालिकाले यस वर्ष निम्नानुसारका २ ठेक्कामा २०८१।०३।१५ मा कार्यसम्पन्न हुने गरी कार्यादेश दिएकोमा सो म्यादभित्र सम्पन्न नभएको तर हालसम्म म्याद थप नभएकोले पूर्वनिर्धारित क्षतिपूर्ति लगाई कार्यसम्पन्न गर्नुपर्ने रु

| ठेक्का विवरण | कवोल अंक | ढिला महिना | क्षतिपूर्ति रकम |
|---|---|---|---|
| NCB/04(थाउसेखोला सडक) | ११६२०२९५।०० | २ (प्रतिदिन ०.०५ प्रतिशत | ३४८६०८।०० |
| NCB/03(भिरमुनी रिमालचोक रोड) | ५९४७८५२।०० | २ (प्रतिदिन ०.०५ प्रतिशत | ३४८६०८।०० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,९७,२१६ |

३१ **नर्म्स भन्दा वढी भुक्तानीः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा सार्वजनिक निकायले स्वीकृत नर्म्सको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । सडकतर्फको संरचना निर्माण गर्दा नेपाल सरकारवाट २०७५।०४।२५ मा स्वीकृत दर विश्लेषण नर्म्स प्रयोग नगरी फरक नर्म्सको प्रयोग गरेको देखियो । सडकको लागि स्वीकृत नर्म्सको प्रयोग गर्दा दर विश्लेषण भन्दा वढी दर राखी भुक्तानी भएको रकम असुल हुनुपर्ने देखिएको रु

| गो .भौ.नं मिति | उस को विवरण | खुद कार्य | नर्म्समा भएको दर | भुक्तानी भएको दर | वढी भुक्तानी |
|---|---|---|---|---|---|
| १९०/२०८१।०३।२४ | गणेशचोकदेखि खुर्कोटजाने वाटो | ३३.४२ | १०२२६ | १०७४५ | १७३४५ |
| ९/२०८०।०६।२६ | वडा नं १४ वाटो | २०.५८ | ११४९९ | १२१३१ | १३००० |
| ५/२०८०।०६।२५ | नमुना वोडिङस्कूल देखि दुर्लुङ जाने वाटो | २४.२१ | ११४९९ | १२१३१ | १५३०० |
| **जम्मा** | | | | | **४५६४५** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४५,६४५ |

३२ **नर्म्स भन्दा वढी डण्डी खरिदः**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १० मा सार्वजनिक निकायले स्वीकृत नर्म्सको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्नलिखित निर्माण(RCC works) डण्डी कार्यमा नापी भन्दा वढीको विल पेश गरी भुक्तानी भएकोले सम्वन्धितवाट असुल हुनुपर्ने रु

| गो .भौ.नं मिति | उस को विवरण | दर | नापीमा (के.जी) | विलमा | वढी भुक्तानी |
|---|---|---|---|---|---|
| १२/२०८१।०३।२२ | गायत्री ध्यान केन्द्र | १०० | ३९५६ | ४४३८ | ४८२०० |
| १८४।२०८१।०३।२४ | वैडाको कुलो निर्माण | १०० | ४४६ | ८०० | ३५४०० |
| ५/२०८०।०६।२५ | | | | | ८३६०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८३,६०० |

३३ **सोझै खरिदः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ उपनियम (१) ख मा एक आर्थिक वर्षमा एउटै प्रकृतिको काम टुक्रा पारि (२०७८ चैत्र भन्दा अगाडि ५ लाख र चैत्र भन्दा पछाडि १० लाख सम्म सोझै खरिद गर्न सक्ने) उल्लेखित रकमको सिमाभन्दा बढि रकमको निर्माण कार्य गर्न नपाईने व्यवस्था छ पालिकाले विभिन्न मितिमा फर्निचर,फर्निसिङ मा मात्रै यस वर्ष प्रतिस्पर्धालाई सिमित बनाई देहायका संस्थाबाट विभिन्न समयमा सोझै खरिद गर्नु नियमसंगत देखिएन । वार्षिक खरिद योजना वनाई प्रतिष्पर्धात्मक विधिवाट खरिद व्यवस्थापन गर्नुपर्दछ ।

| भौचर नं | खरिद मिति | खरिद विवरण | रकम |
|---|---|---|---|
| १४० | २०८१।२।३२ | श्रेष्ठ फर्निचर | ६५३८१८ |
| १२३ | २०८१।०२।०७ | स्कील नेट | ६८४३८३ |
| ७६ | २०८०।१२।२५ | स्कील नेट | ५९३४७४ |
| ७६ | २०८०।१२।२५ | फर्निचर | ४२६४०८ |
| ३० | २०८१।०३।२२ | स्ट्रीट लाईट जि के मिलीजुली | ७६६६६८ |
| जम्मा | | | ३१२४७५१ |

सोधभर्ना नलिएको

३४ **ठेक्का बन्दोवस्तः**

प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७९ को नियम १५(७)मा खरिद पूर्वतयारीदेखि बोलपत्र आव्हानसम्मका खरिद व्यवस्थापन सम्वन्धी कार्य प्रथम त्रैमासिक अवधिभित्र सम्पन्न गर्नेगरी बजेट प्रस्ताव गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार कार्यालयबाट भएको खरिद व्यवस्थापन सम्बन्धि संक्षिप्त विवरण देहाय अनुसार रहेको छः ( रु हजारमा)

| **कार्यक्रम/ शीर्षक** | **खरिद सम्झौता** | | | | | | | | **यस बर्ष सम्पन्न** | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | **कुल जम्मा** | | **प्रथम चौमासिक** | | **दोस्रो चौमासिक** | | **तेस्रो चौमासिक** | | | |
| | **संख्या** | **रकम** | **संख्या** | **रकम** | **संख्या** | **रकम** | **संख्या** | **रकम** | **संख्या** | **रकम** |
| **बोलपत्रबाट** | ७ | | ० | ० | ३ | ६७२१ | ४ | ३५७१७ | ७ | ४२४३८<br>११६३ |
| **सेनीटरी प्याड ठेक्का** | १ | | ० | ० | १ | ११६३ | | | १ | |

उल्लेखित विवरण अनुसार यो वर्ष कार्यालयले विभिन्न कार्यको लागी रू.४ करोड ३६लाख ०१ हजार लागतको ८ ठेक्का वन्दोवस्त गरेकोमा प्रथम चौमासिकमा ठेक्का व्यवस्थापन भएन, दोश्रो चौमासिकमा रु.७८ लाख ८४ हजारको ४ ठेक्का र तेश्रो चौमासिकमा रु. ३ करोड ५७ लाख १७ हजारको ३ ठेक्का व्यवस्थापन भएको देखिन्छ । यो वर्ष भएको ठेक्का व्यवस्थापन मध्ये वर्षान्त सम्ममा रू. ३ करोड ५७ लाख १७ हजार बराबरको ३ ठेक्का मात्र सम्पन्न भएको अवस्था छ । यसरी अन्तिम चौमासिक वा वर्षान्तमा बढी कार्यक्रम सञ्चालन गर्दा आउन सक्ने गुणस्तरीय कार्यसम्पन्न हुन नसक्ने लगायतका नकारात्मक स्थिति तर्फ गम्भीर ध्यानाकर्षण हुनुपर्दछ ।

३५ **निर्माण कार्य व्यवस्थापनः**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ वमोजिम सार्वजनिक निर्माण गर्दा प्रतिष्पर्धा सीमित हुने गरि खरिद व्यवस्थापन गर्जुपर्दछ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा ठेक्का र उपभोक्ता समिति मार्फत सम्पन्न गरेको कार्यको विवरण देहाए बमोजिम रहेको छः

| योजना संख्या | ठेक्का मार्फत | | उपभोक्ता समिति मार्फत | |
|---|---|---|---|---|
| | संख्या | रकम | संख्या | रकम |
| ३९२ | ८ | ४३६०१ | ३८४ | १४१९३४ |

यस आर्थिक वर्षमा पालिकाले सञ्चालन गरेका कुल ३९२ योजनामा मध्ये ठेक्का मार्फत ८ वटा योजनामा रु ४ करोड ३६ लाख १ हजार खर्च गरेको छ भने उपभोक्ता समिति मार्फत सञ्चालित ३८४ योजनामा रु १४ करोड १९ लाख ३४ हजार खर्च गरेको छ ।

अर्थात ३९२ योजनामा भएको खर्च मध्ये ०.०२ प्रतिशत ठेक्का प्रक्रिया र ९७.९५ प्रतिशत रकम उपभोक्ता समिति मार्फत् खर्च गरेको देखिन्छ । पालिकाले निर्माण कार्य गर्दा प्रतिस्पर्धात्मक प्रणाली, निर्माण कार्यको गुणस्तर, सोको दिगोपन उपभोक्ता समितिको क्षमता निर्माण कार्यको प्रकृति लगायतका कुराहरु को समेत विचार गरी निर्माण कार्य सञ्चालन एंव व्यवस्थापन गर्न ध्यान दिनुपर्दछ ।

### ३६ जटिल प्रकृतिको कार्य उपभोक्तावाटः

सार्वजनिक खरिद नियमावली, २०६४ को नियमावली ९७(९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट सञ्चालित हुने निर्माण कार्यमा लोडर, एक्साभेटर, रोलर, डोजर, ग्रेडर, विटुमिन र हेभिईक्युपमेण्ट प्रयोग गर्न सकिने छैन यदि प्रयोग गर्नुपरेमा सम्वन्धित प्राविधिकको सिफारिसमा गर्न सकिने समेत व्यवस्था छ । यस पालिका अन्तर्गत सञ्चालित निम्नलिखित उपभोक्ता समितिको कार्य गरेको योजनामा यस्ता हेभिईक्युपमेण्ट लगायत सडक पिच र झोलुङ्गेपुल समेत उपभोक्तावाट निर्माण गरेको देखियो । यस्ता कार्य गर्नुपूर्व खरिद नियमावलीको परिपालना गरी कार्यगर्नुपर्ने देखिन्छ ।

| गो.भौ.नं मिति | उसको विवरण | भुक्तानी रकम | कामको विवरण |
|---|---|---|---|
| २०।२०८१।०२।१७ | शिशाघाँटी झोलुङ्गेपुल निर्माण उ.स | ४९७७८३७।०० | ८७ मि. स्पान झो पु |
| २०।२०८१।०२।१७ | शिशाघाँटी झोलुङ्गेपुल निर्माण उ.स | ४७२८१५९।०० | झो पु निर्माण |
| १६२।२०८१।०३।२० | हिमालय मावि सिम्लेघारी वाटो | २५०००००।०० | डोजर प्रयोग, पर्वतमाला कन्स्ट्रक्सन |
| ८६।२०८१।०१।०६ | वडाभित्रका वाटो मर्मत | ३२००१६।०० | डोजर प्रयोग, वाटुलेचौर कन्स्ट्रक्सन |
| ४५।२०८०।११।१६ | कारवारे डाँडाखर्क नेटा | ७७९०००।०० | पञ्चासे सिद्धवराह निर्माण सेवालाई डोजर प्रयोगवापत भुक्तानी |
| २१।२०८१।०२।२३ | देउतीखेत कटुवा चौतारी | ५३५४७३।०० | डोजर प्रयोगवापत भुक्तानी |
| २५।२०८१।०३।२० | छमर्के भित्री सडक | २७७०५९६।०० | वाटो पिच समेत |

### ३७ उपभोक्ताको कार्यमा विमाः

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट वीस लाख रुपैया भन्दा वढी मुल्यको निर्माण कार्य गराउंदा सम्झौता रकममा वीमा वापतको खर्च व्यहोर्ने रकम समावेश गरी सोही रकमवाट उपभोक्ता समिति तथा लाभग्राही समुदायले वीमा गराउनुपर्नेछ भनी उल्लेख छ । तर यस वर्ष पालिकाले निम्न लिखित योजना कार्यान्वयन गर्दा अनिवार्य विमा सम्वन्धी प्रावधान नराखी सम्झौता गरेको छ । नियमावलीमा भएको व्यवस्थालाई अनिवार्य रुपमा पालना गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

| गो भौ नं र मिति | योजनाको विवरण | सम्झौता रकम |
|---|---|---|
| २५।२०८१।०३।२० | छमर्के भित्री सडक निर्माण | २७७०५९६ |
| २१।२०८१।२।२३ | देउतीखेत कटुवाचौपारी सडक | २२१७७३४ |
| १२।२०८१।०३।२२ | गायत्री मन्दिर ध्यान केन्द्र | २८०५५४३ |
| ३२।२०८१।०३।२२ | कालिका पार्क | २७६४११० |
| जम्मा | | १०५५७९८३ |

### ३८ कन्टिन्जेन्सी खर्चः

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० को उपनियम ७ मा निर्माण कार्यको लागत अनुमान अनुसूची १ अनुसार तयार गर्नुपर्ने र लागत अनुमान तयार गर्दा वर्क चार्ज र स्टाफ खर्चको लागि २ प्रतिशत र अन्य सानातिना खर्चको लागि २ प्रतिशत कन्टिन्जेन्सी खर्च गर्न सक्ने व्यवस्था छ।कार्यालयले यो वर्ष रु २० लाख ५४ हजार ६३१ कन्टिन्जेन्सी खर्च गरेको छ। कन्टिन्जेन्सी खर्च गर्ने सम्वन्धमा नियम १०(७) अनुसार अनुसूची १ मा उल्लेखित व्यवस्था वाहेक अन्य कुनै आधार देखिदैन।सार्वजनिक निर्माणको

सम्वन्धमा वर्क चार्ज खर्च र सानातिना अन्य खर्च भन्नाले के कस्ता खर्च समावेश हुने हो सो सम्वन्धमा ऐन नियममा स्पष्ट उल्लेख छैन। यस पालिकावाट कुनै कार्यविधि तयार गरेको देखिएन।कन्टिन्जेन्सीबाट गरिने खर्च सम्वन्धमा स्पष्ट कार्यविधि तयार गरी खर्च गर्नुपर्दछ।

| खर्च शिर्षक | खर्च रकम |
|---|---|
| कार्यक्रम खर्चः | २५१८० |
| प्राविधिक तथा कर्मचारी अनुगमन खर्चः | ४६७९६५ |
| इन्धन खर्चः | ४४३०९० |
| मसलन्द खर्चः | ४५५२३२ |
| सडक मर्मत सम्भार खर्च | २३६७५५ |
| फर्निचर खरिद खर्च | ४२६४०८ |
| **कन्टिन्जेन्सी खर्च कुल जम्माः** | **२०५४६३१** |

### ३९ सफ्टवेयर तथा परामर्श खरिदः

सार्वजनिक खरिद ऐन,२०६३ को दफा ३९ वमोजिम सेवा परामर्श विधिवाट गर्न सकिनेछ । बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | भू उपयोग वर्गीकरण अध्ययन | ग्लोवल एरा ईन्जिनियरिङ कन्सल्टेन्सी | ११९९१५५ | ११९०००० | ०.०१ | शिलवन्दी कोटेशन |
| २ | नम्सापास सफ्टवेयर | फोर जी ईन्जिनियरिङ | १८३१३७२ | १८३१००० | ०.०१ | शिलवन्दी |
| ३ | नगरपालिका पोर्टल | एपि न्यु पोर्टल | ४५००२७५ | ३२१७५०० | २८.५१ | शिलवन्दी कोटेशन |
| | **जम्मा** | | ७५३०८०२ | ६२३८५०० | | |

उपरोक्त विवरण अनुसार पालिकाले परामर्श सेवा कार्यमा शिलवन्दी विधिबाट ३ वटा सेवा खरिदका लागि जम्मा रु. ७५ लाख ३० हजारको लागत अनुमान तयार गरी सम्झौता अनुसार रु. ६२ लाख ३८ हजार भुक्तानी गरेको छ । उक्त खरिद गर्दा लागत अनुमानको तुलनामा औसतमा २८.७९ प्रतिशत कम रकममा खरिद सम्झौता भएको देखिन्छ । पालिकाले यस्तो कार्य गर्दा सम्भव भए सम्म कार्यालयकै प्राविधिक जनशक्तिबाट गराउने तथा परार्मश सेवा खरिद गर्नुपर्दाको अवस्थामा प्रतिस्पर्धात्मक विधिको अवलम्बन गरी सार्वजनिक खर्चमा अधिकतम् मितव्ययीता कायम गर्ने तर्फ ध्यान दिनुपर्दछ । उपरोक्त ३ परामर्श खरिद मध्ये नगरपालिका पोर्टल निर्माण २०७७ देखि ठेक्कामा लागेको भएतापनि अलपत्र परेको र हालसम्म कार्यान्वयनमा आएको छैन । निज परामर्शदातालाई कानूनी दायरामा ल्याई कार्य सम्पन्न गर्नुपर्ने देखिन्छ ।

### ४० डि पि आर तयारी तथा कार्यान्वयनः

सार्वजनिक खरिद ऐन,२०६३ वमोजिम बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | प्रशासकिय भवन निर्माण | पेसो कन्सल्टेन्ट प्रालि | १९९८३१९ | १९७१८५० | १.३२ | शिलवन्दी कोटेशन |
| २ | गुप्तेश्वर धार्मिक क्षेत्रमा शिसमहल | भास्तु विल्डर्स | ४३९८०९ | ४२१२०८ | ४.२२ | शिलवन्दी कोटेशन |
| | **जम्मा** | | २४३८१२८ | २३९३०५८ | | |

उपरोक्त विवरण अनुसार पालिकाले डि पि आर तयारीमा सेवा कार्यमा शिलवन्दी विधिबाट २ वटा सेवा खरिदका लागि जम्मा रु.२४ लाख ३८ को लागत अनुमान तयार गरी सम्झौता अनुसार रु. २३ लाख ९३ हजार भुक्तानी गरेको छ । उक्त खरिद गर्दा लागत अनुमानको तुलनामा औसतमा २.७७ प्रतिशत कम रकममा खरिद सम्झौता भएको देखिन्छ । पालिकाले यस्तो कार्य गर्दा सम्भव भए सम्म कार्यालयकै प्राविधिक जनशक्तिबाट गराउने तथा परार्मश सेवा खरिद गर्नुपर्दाको अवस्थामा प्रतिस्पर्धात्मक विधिको अवलम्बन गरी सार्वजनिक खर्चमा अधिकतम् मितव्ययीता कायम गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

४१ **करदाता दर्ताः**

नगरपालिकाको आर्थिक ऐन,२०८० को दफा १ देखि १५ सम्ममा पालिका भित्रका व्यवसायजन्य क्रियाकलापवाट प्राप्त भएको आम्दानी गर्ने व्यक्तिले करको दायरामा आई कर दाखिला गर्नुपर्ने व्यवस्था छ ।पालिकाले उपलव्ध गराएको विवरण अनुसार यस वर्षसम्म करको दायरामा आएका व्यक्ति तथा संस्थाको अवस्था देहायअनुसार छन् ।

| क्रस | दर्ता विवरण | संख्या |
|---|---|---|
| १ | ब्यवसायकर करदाता | ८९२जना |
| २ | वहालकर करदाता | ३१०जना |
| ३ | नक्सापास करदाता | २२५ जना |
| ४ | मालपोत तथा भुमिकर करदाता | १४६९५ |
| ५ | ब्यवसायकर करदाता | ८९२जना |
| ६ | जम्मा | १६१२२ |

नगरपालिकाको मुख्य मुख्य सहरको वडा नं ४,५,६ र ७ रहेका साथै ८ र९ वडा अर्धवजारीकृत रहेको छ । यस पालिकाभित्र के कति व्यवसाय दर्ता हुनुपर्ने हो कुनै अद्यावधिक विवरण राखेको पाईएन । साथै कति करदाताले कर दाखिला गर्नुपर्ने हो सो समेत अद्यावधिक विवरण प्राप्त भएन । तसर्थ आयआर्जन मूलक व्यवसाय गर्ने सम्पूर्ण करदातालाई करको दायरामा ल्याई राजस्व असुलीमा प्रभावकारि वनाउनुपर्दछ ।

४२ **राजस्व लक्ष्य तथा असुलीः**

नगरपालिकाको आर्थिक ऐन,२०८० तथा पालिकाको नीति तथा कार्यक्रममा राजस्व प्रणालीलाई सुचनामैत्री, सुद्बढ वनाउने,करका दर तथा दायरा वृद्धि तथा नीतिमा पुनरावलोकन, आन्तरिक आयलाई वैज्ञानिक वनाउने उल्लेख गरेको छ । पालिकाको विगत ३ वर्षको राजस्व लक्ष्य तथा असुली अवस्था देहायअनुसार रहेको छ ।

रु हजारमा

| आर्थिक वर्ष २०७८।०७९ | | आर्थिक वर्ष २०७९।०८० | | आर्थिक वर्ष २०८०।०८१ | |
|---|---|---|---|---|---|
| लक्ष्य | असुली | लक्ष्य | असुली | लक्ष्य | असुली |
| ३५२०० | २९४४१ | ३६३३३ | २०७३२ | ७७४०० | २२१५९ |

उपरोक्तानुसार आर्थिक वर्ष २०७८।७९ मा लक्ष्यको तुलनामा ८३.६४ प्रतिशत, २०७९।८० मा ५७ प्रतिशत र आर्थिक वर्ष २०८०।८१ मा २८.६३ प्रतिशत असुली भएको अवस्था छ । विगत ३ वर्षको तथ्यांक हेर्दा राजस्व लगातार घट्दो अवस्था तथा पछिल्लो वर्ष लक्ष्यको तुलनामा न्युन असुलि भएको छ । निरन्तर राजस्व घट्नुका कारणहरु पहिचान गरी वार्षिक वजेट तथा नीतितथा कार्यक्रममा उल्लेख भएका विषयलाई संवोधन गरी वस्तुनिष्ठ राजस्व प्रक्षेपण तथा असुलीमा जोडदिनुपर्दछ ।

४३ **कर संकलनः**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । पालिकाको यस वर्ष आन्तरिक आयको अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

रु हजारमा

| **आय शीर्षक** | **अनुमान** | **असुली** | **असुली प्रतिशत** |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर | २०००० | ५७८६ | २८.९३ |
| भूमिकर मालपोत | ५००० | १६६८ | ३३.३६ |
| वहालकर | १०००० | ३४५२ | ३४.५२ |
| सिफारिस दस्तुर | २५०० | २११२ | ८४.४८ |
| व्यवसायकर | ५७०० | २३६६ | ४१.५१ |
| अन्य | **३४२००** | **६७७५** | **१९.८१** |
| जम्मा | **७७४००** | **२२१५९** | **२८.६३** |

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष अनुमानको तुलनामा २८.६३ प्रतिशत मात्र आन्तरिक आय संकलन गरेको देखिन्छ । अतः पालिकाले संघीय र प्रदेश सरकार प्रतिको निर्भरता घटाउँदै आन्तरिक आयको हिस्सा बढाउने तर्फ ध्यान दिनुपर्दछ । आन्तरिक आय अनुमान गर्दा यथार्थपरक हुने गरी तर्जुमा गर्नुपर्दछ ।

४४ **आन्तरिक र खर्च आयको विश्लेषणः**

पालिकाको यस आर्थिक वर्षको आन्तरिक आय र खर्चको विवरए देहाय बमोजिम रहेको छ ।

| **क्र.स.** | **आर्थिक वर्ष** | **आन्तरिक आय रु** | **पालिकाको जम्मा खर्च रु** | **आयको तुलनामा खर्चको प्रतिशत** |
|---|---|---|---|---|
| १ | २०८०।८१ | २२१५९ | ७६२९२३ | २.९० |

पालिकाको यस आर्थिक वर्षको जम्मा खर्च रु ७६ करोड २९ लाख २३ रहेको छ भने राजश्व संकलन २ करोड गरेको छ । पालिकाको आन्तरिक आय कूल खर्चको २.९० प्रतिशत हुन आउँछ जुन खर्चको तुलनामा आन्तरिक आय न्यून रहेको देखिन्छ ।

४५ **पर्यटन शुल्कको आम्दानीः**

नगरपालिकाले तर्जुमा गरेको आर्थिक ऐन २०८० को दफा १० वमोजिम आफुले निर्माण गरेका वा हस्तान्नतरण भई आएका वा सञ्चालनमा रहेका पर्यटकीय स्थलमा प्रवेश गर्ने पर्यटकहरुवाट अनुसुची ९ वमोजिम तोकिएको दरमा पर्यटन शुल्क रु ५ असुल उपर गरिनेछ भनि उल्लेख छ । यस पालिकाले वञ्जीजम्प, ४ वटा विश्वको दोश्रो अग्लो तथा नेपालको लामो पुल,यन्त्रिक पुल,जिपल्लाईन,दुर्लुङकोट लगायतका प्रख्यात पर्यटकीय स्थलहरुमा घुम्न आउने पर्यटकहरुवाट प्रवेशशुल्क वापत तोकिएवमोजिम शुल्क असुल गर्न सकेमा करोडौ राजस्व आम्दानी हुने देखिन्छ । यस वर्ष नगरपालिकाले कुनै आम्दानी प्राप्त गरेको देखिदैन । वार्षिक नीति तथा कार्यक्रममा समावेश गरि पर्यटन शुल्कलाई राजस्वको दायरामा ल्याउनुपर्दछ ।

४६ **घरभाडा आम्दानीः**

नगरपालिकाले तर्जुमा गरेको आर्थिक ऐन,२०८० को दफा ३ वमोजिम कुनै व्यक्ति वा संस्थाले भवन,घर, पसल, ग्यारेज,वर्कसप, गोदाम भाडामा लगाएमा अनुसुची २ वमोजिम संस्थाको हकमा १० प्रतिशत र व्यक्तिको हकमा ५ प्रतिशत कर लगाईने उल्लेख छ । यस वर्ष सम्म नगरपालिका भित्र २४१ घरधनी दर्ता भएको देखिन्छ । घरभाडा वापत पालिकाले रु १ करोड असुल गर्ने लक्ष्य राखेकोमा रु. ३४ लाख ५२ हजार अर्थात लक्ष्यको तुलनामा ३४.५२ प्रतिशत असुली भएको छ जुन अत्यन्त न्युन प्रगति हो । घरवहाल कर स्थानीय तहको प्रमुख आर्थिक स्रोत हो तर घरवहाल करमा पालिकाले घरभाडा कर तिर्ने करदाताको म्यापिङ(Mapping) गरेको देखिएन । साथै कति करदाताले घरभाडा कर दाखिला गरे नगरेको समेत एकिकृत लगत सिस्टमवाट देखिदैन । घरवहाल करलाई करको दायरामा ल्याई राजस्वको दायरा विस्तार गर्नुपर्दछ ।

४७ **एकीकृत सम्पत्ति कर:**

नगरपालिकाले तर्जुमा गरेको आर्थिक ऐन,२०८० को दफा २ वमोजिम नगरपालिका क्षेत्र भित्र अनुसुची १ वमोजिम सम्पत्तिकर लगाईने उल्लेख छ । यसवर्ष पालिकाभित्र सम्पति कर तिर्ने करदाता १८६१९ रहेको सिस्टमवाट देखिन्छ । पालिकाले रु २ करोड असुल गर्ने लक्ष्य राखेकोमा रु.५७ लाख ४६ हजार अर्थात लक्ष्यको तुलनामा ३३.३६ प्रतिशत असुली भएको छ जुन अत्यन्त न्युन प्रगति हो । सम्पत्ति कर स्थानीय तहको प्रमुख आर्थिक स्रोत हो तर सम्पत्ति करमा पालिकाले कर तिर्ने करदाताको म्यापिङ(Mapping) गरेको देखिएन । साथै कति करदाताले कर दाखिला गरे नगरेको समेत एकिकृत लगत सिस्टमवाट देखिदैन । सम्पत्ति करलाई करको दायरामा ल्याई राजस्वको दायरा विस्तार गर्नुपर्दछ ।

४८ **नक्सापासः**

नगरपालिकाले तर्जुमा गरेको आर्थिक ऐन,२०८० को दफा ११ वमोजिम नगरपालिका क्षेत्र भित्र अनुसुची १० वमोजिम नक्सापास दस्तुर लगाईने उल्लेख छ । नगरकार्यपालिकाको २०८०।०७।२२ को वैठकको निर्णयअनुसार २०७२ साल भन्दा अगाडि नक्सापास नगरी निर्माण भएका घरहरुलाई अभिलेखीकरण गर्नेकार्यको लागि २०८१।०३।१५ सम्म म्याद थप भएकोमा २२७ व्यक्तिले निवेदन दर्ता गरेकोमा यस वर्ष ८ घरधनीलाई नक्सापास प्रमाणपत्र वितरण गरेको देखियो । कूल २२७ जनामध्ये ८ जनाले मात्र नक्सापास प्रमाणपत्र वितरण गरेको देखिंदा प्रगति अत्यन्त न्युन देखिन्छ । करको दायरमा नआएका घरधनिहरुलाई दायरमा ल्याई साथै अभिलेखीकरण का लागि प्राप्त निवेदन उपर समयमै निर्णय गर्ने र घरधनिहरुलाई घर नम्सा अभिलेखीकरण गरी सम्पन्न प्रमाणपत्र जारी गर्नुपर्दछ ।

४९ **व्यवसायकरः**

नगरपालिकाले तर्जुमा गरेको आर्थिक ऐन,२०८० को दफा ४ वमोजिम नगरपालिका क्षेत्र भित्र अनुसुची ३ वमोजिम व्यवसायकर लगाईने उल्लेख छ ।यस पालिकाको कार्यक्षेत्रभित्र कूल ८१४ व्यवसाय दर्ता भएको देखिन्छ । व्यवसाय करमार्फत यसवर्ष रु. ५७ लाख राजस्व असुल गर्ने लक्ष्य राखेकोमा रु.२३ लाख ६६ हजार अर्थात ४१.६६ प्रतिशत असुली भएको छ । न्युन राजस्व असुली हुनुको कारण पहिचान गरी राजस्वको दायरामा वढीत्तरी गर्नुपर्दछ ।

५० **वञ्जीजम्प, जिपलाईन र यान्त्रिकपुलको व्यवसायकरः**

नगरपालिकाले तर्जुमा गरेको आर्थिक ऐन,२०८० को दफा ४ वमोजिम नगरपालिका क्षेत्र भित्र अनुसुची ३ वमोजिम व्यवसायकर लगाईने उल्लेख छ । यस पालिकाको कार्यक्षेत्रभित्र दर्ता भएको मनोरञ्जनामक तथा शाहसिक खेलको रुपमा विश्वमै प्रख्यात (दोश्रो अग्लो)रहेको वञ्जीजम्प,यन्त्रिक पुल तथा जिपलाईन लगायत विगत लामो समयदेखि सञ्चालनमा रहेको तर नगरपालिकामा हालसम्म व्यवसाय दर्ता नभई सञ्चालन भएको पाईयो । यान्त्रिक पुल विगत ५ वर्ष देखि तथा वञ्जीजम्प विगत ४ वर्षदेखि सञ्चालनमा आएपनि दर्ता गरी व्यवसाय कर दाखिला गरेको नदेखिएकोले ती करदातालाई करको दायरामा ल्याई अनुसुची ३ वमोजिम कर असुल हुनुपर्ने रु.

| क्र स | व्यवसायको प्रकार | कर | (२०७७।७८ देखि २०८०।८१) |
|---|---|---|---|
| १ | वञ्जीजम्प(द क्लिक प्रा.लि) | ५००००।०० | २०००००।०० |
| २ | जिपलाईन(हार्नेस जिपलाईन) | १००००।०० | ४००००।०० |
| ३ | यान्त्रिक पुल | २५०००।०० | १०००००।०० |
| **जम्मा** | | | **३४००००।००** |

| असुल गर्नुपर्ने | ३,४०,००० |
|---|---|

५१ **पर्यटकस्तरीय होटलको व्यवसाय करः**

नगरपालिकाले तर्जुमा गरेको आर्थिक ऐन,२०८० को दफा ४ वमोजिम नगरपालिका क्षेत्र भित्र अनुसुची ३ वमोजिम व्यवसायकर लगाईने उल्लेख छ । यस पालिकाको कार्यक्षेत्र भित्र रहेका मुख्य पर्यटकस्तरीय होटलमध्ये केही छनौट गरी करदाखिला गरे नगरेको विवरण हेर्दा हालसम्म कर दाखिला गरेको पाईएन । तसर्थ ती होटललाई करको दायरामा ल्याई छानविन गरी प्रमाण पेश गर्ने अन्यथा असुल हुनुपर्ने रु.

| क्र स | विवरण | कर | (२०७७।७८ देखि २०८०।८१) |
|---|---|---|---|
| १ | होटल व्यञ्जु (२०७५ मा दर्ता) | २०००० | १००००० |
| २ | होटल माउण्टेन ( ५ वर्ष) | २०००० | १००००० |
| ३ | होटल फ्रेन्णडली १० देखि वढी | २०००० | १००००० |
| **जम्मा** | | | **३०००००।००** |

| असुल गर्नुपर्ने | ३,००,००० |
|---|---|

५२ **ढुंगा गिटी वालुवाको करः**

नगरपालिकाले तर्जुमा गरेको आर्थिक ऐन,२०८० को दफा १४ वमोजिम नगरपालिका क्षेत्र भित्र अनुसुची १३ वमोजिम ढुंगा गिटी वालुवाको कर लगाईने उल्लेख छ । यस नगरपालिकको कार्यक्षेत्र भित्र रहेका प्राकृतिक स्रोत साधनको उत्खखन तथा विक्रीमा कालिगण्डकी नदी धार्मिक एतिहाँसिक तथा पर्यावरणीय महत्वको देखिएकोले यसक्षेत्रवाट कुनैपनि स्रोतसाधन उत्खनन तथा विक्री वितरण नगर्नु नगराउनु भनी सम्मानित सर्वोच्च अदालतवाट २०७८।०३।३०मा आदेश भएकोले विगत ३ वर्षदेखि यसवापतको कुनैपनि राजस्व आम्दानी प्राप्त भएको छैन ।

५३ **ढुंगा गिटी वालुवाको करः**

नगरपालिकाले तर्जुमा गरेको आर्थिक ऐन,२०८० को दफा १४ वमोजिम नगरपालिका क्षेत्र भित्र अनुसुची १३ वमोजिम ढुंगा गिटी वालुवाको कर लगाईने उल्लेख छ । यस सम्वन्धमा जिल्लाको विभिन्न स्थानमा अवैध ढुंगा गिटी वालुवा उत्खनन तथा विक्री वितरण भएको भनी पर्वत जिल्लाको नदिजन्य तथा खानीजन्य पदार्थ जिल्ला अनुगमन समितिवाट नगरपालिकालाई पत्राचार भएअनुसार २०८१।०१।२९ र ३० गते अनुगमन भएको रहेछ । अनुगमनवाट कालिगण्डकी क्रसर उद्योग परिषरमा १५६०९.३७ घनमिटर, धौलागिरी क्रसर उद्योगमा २५३.४४ घनमिटर, सहस्रधारा स्थित पोखरा वाग्लुङ सडक किनारा १७३.५९ घमी र सहस्रधारा स्थित कालीगण्डकी वगरवाट नदिजन्य पदार्थ उत्खनन गरी वनाईएको खाल्डोवाट ११७०० घनमिटर अवैध रुपमा उत्खनन तथा संकलन भएको परिमाण र पुन २०८०।०३।२९ मा अनुगमन गरी कालीगण्डकी क्रसर उद्योग परिषरमा ३५९.४६ घ मी धौलागिरी क्रसर

उद्योगमा २३४.२६ समेतको कारवाही गरी जानकारि दिनु भनी पत्राचार भएकोमा नगरकार्यपालिकाको मिति २०८१।०३।०६ मा वैठक वसी जिल्ला अनुगमन समितिले गरेको परीक्षणको आधार जिल्ला दररेट अनुसार दण्ड जरिवाना गरी असुल उपर गर्ने निर्णय गरेकोतापनि हालसम्म पत्राचार वाहेक थप कार्वाही गरेको छैन । साथै ती कम्पनी तथा उद्योगहरुले हालसम्म विवरण पेश गरेको नदेखिंदा ती कम्पनीको सम्वन्धमा राजस्व असुल गर्न छानविन गरी तथा अन्य क्षेत्रको हकमा सो परिमाणले हुन आउने परिमाणमा गरी नगरपालिकाको आर्थिक ऐन अनुसुची १३ वमोजिम कर र नियमानुसार लाग्ने जरिवाना समेत हुनुपर्ने रु

| क्र.सं | फर्म कम्पनी | उत्खनन भएको परिमाण | स्विकृत दर | राजस्व रकम |
|---|---|---|---|---|
| १ | कालिगण्डकी क्रसर उद्योग | १५९६८.८३×(३५) क्यु फिट | ९ | ५०३०१८१.४५ |
| २ | धौलागिरी क्रसर उद्योग | ४८७.७×(३५ ) | ९ | १५३६२५.५ |
| ३ | अन्य स्थानको | १२१५४.६९×(३५ ) | ९ | ३८२८७२७.३५ |
| जम्मा | | २८६११.२२ | | ९०१२५३४.३ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९०,१२,५३३ |

५४ **वक्यौता व्यवस्थापन प्रणालीः**

यस वर्षसम्म दर्ता भएका कूल करदाता १८६१९ मध्ये २०८१ आषाढ सम्म के कति करदाताले कर तिर्न वांकी रहेको छ वांकी वक्यौता कति हो सोको अद्यावधिक विवरण पेश हुन सकेन । पालिकाले सञ्चालनमा ल्याएको सांग्रिला माईक्रोसिस्टमको तथ्यांक रियलटाईम अद्यावधिक भएको पाईएन तसर्थः करदाताको रियल टाईम वक्यौता देखिने गरी प्रणालीको विकास गरी लगत अद्यावधिक गरी लगत उठाउन गम्भीर ध्यानार्षण हुनुपर्दछ ।

५५ **फोहोरमैला व्यवस्थापनः**

नगरपालिकाको आर्थिक ऐन २०८० को अनुसुची ९ वमोजिम तोकिएको क्षेत्रमा फोहरमैला व्यवस्थापन सेवा शुल्क दाखिला असुल गरिने उल्लेख छ । पालिका र सामुदायिक स्रोत तथा वातावरणीय विकास केन्द्र, पर्वत वीच २०७५ भाद्र १ देखि २०८० श्रावण मसान्त सम्म फोहोरमैला संकलन ब्यवस्थापन गर्ने उद्येश्यले २०७५ श्रावण २४ गते सम्झौता गरेको देखिन्छ । सम्झौताको वुँदा नं. १०.८ मा नगरपालिकावाट स्वीकृत दरमा उक्त संस्थाले संकलन शुल्क लिने, नगरपालिकाको नगदी रसिद प्रयोग गरि संकलित रकम नगरपालिकाको छुट्टै खाता खोली जम्मा गरि सोही खातावाट खर्च लेख्नुपर्ने उल्लेख छ । संस्थाले पेश गरेको आर्थिक प्रस्ताव अनुसारको रहेको छ ।

| सि. नं. | प्रस्तावितआम्दानी | प्रस्तावितखर्च |
|---|---|---|
| २०७५/०७६ | ३७,००,००० | ३९,९०,००० |
| २०७६/०७७ | ३७,००,००० | २८,००,००० |
| २०७७/०७८ | ३८,००,००० | ३३,००,००० |
| २०७८/०७९ | ३९,५०,००० | ३०,५०,००० |
| २०७९/०८० | ४०,००,००० | ३०,५०,००० |
| २०८०।८१ | श्रावणमहिना | रकमदाखिलाभएन |
| जम्मा | १,९१,५०,००० | १,६१,९०,००० |

संस्थाले पेश गरेको आर्थिक प्रस्ताव वमोजिम ५ वर्षमा २९ लाख ६० हजार वचत हुने देखिन्छ । २०८० श्रावणमा म्याद सकिएको र हाल म्याद थप नभएकोले पालिकाले अमानतमा रु. शुल्क असुल गरेको छ । आर्थिक वर्ष २०७८/०७९ मा संकलन गरेको तर वैंक

दाखिला गर्न वाँकी रकम रु. २०,८०,६००/- रहेकोमा उक्त रकम जरिवाना सहित रु. २२,८८,६६०/- असुल गर्नुपर्दछ । आ.व. २०७९।०८० मा रु. ४० लाख नगरपालिकालाई बुझाउनु पर्नेमा नबुझाएको एवं रसिद काटेको रकम समेत दाखिला नगरेकोले सो सम्बन्धमा कानून बमोजिम गरि रसिद काटेको रकम तुरुन्तै बैंक दाखिला गर्नुपर्ने भनी गत वर्ष लेखापरीक्षण प्रतिवेदनमा उल्लेख गरेकोमा यस वर्ष पत्राचार वाहेक थप कार्वाही गरेको देखिएन । निज संस्थालाई कानूनी दायरामा ल्याई वांकी रकम असुल हुनुपर्दछ ।

५६ **फोहरलाई मोहरः**

पालिकाले फोहर व्यवस्थापनका लागि उल्लेख्य रकम वर्षेनी फोहर व्यवस्थापनको लागि विभिन्न शीर्षकमा यस वर्ष मात्रै २ करोड १ लाख खर्च भएको छ । पालिकाकव वडा ४ छमर्के मा जग्गा प्राप्ति गर्न वार्षिक रुपमा रु ११००००।०० भाडा तिर्ने गरि लक्ष्मीनारायण गुठीसंग २०७६।७७ मा सम्झौता गरेको देखिन्छ । तत्काललाई फोहर व्यवस्थापन गर्न उक्त स्थानलाई प्रयोग गरिएपनि फोहरलाई मोहरमा परिवर्तन गर्न र फोहरलाई घर टोल समुदाय संस्थामै वर्गीकरण गरी सोही अनुसार व्यवस्थापन गर्ने कार्य हुन सकेको छैन।फोहरलाई मोहरमा परिणत गर्न देशका धेरै पालिकाले सफलतापूर्वक कार्य गरिरहेका छन् फोहर (कुहिने फोहरवाट वायोग्यास निर्माण नकुहिने फोहरवाट प्लाष्टिक जन्य उत्पादनको लागि कच्चा पदार्थ र धातुजन्य उद्योगलाई ) विक्री गरि मनग्य आम्दानी गरेको देखिएको छ । करिव १०९६१ घरधुरीवाट उत्पादन हुने फोहरमा कुहिने फोहरलाई घरघरमै व्यवस्थापन गर्न र व्यवस्थापन हुन नसकेका फोहरलाई मोहरमा परिणत गर्न गन्धरहित कम्पोष्ट मल वनाउन प्रविधि भित्र्याई विभिन्न संस्थाको साझेदारीमा फोहर व्यवस्थापन तथा सरसफाई केन्द्र स्थापना गर्न सकिनेतर्फ पालिकाले नीतिगत संस्थागत र कार्यगत समेतको प्रवन्ध गर्नुपर्दछ ।

५७ **फोहरमैला व्यवस्थापन लागत अनुमानः**

राष्ट्रिय तथ्यांक विभागको २०७८ को रिपोर्ट अनुसार पालिकाभित्र कुल १०९६२ घरधुरी रहेको उल्लेख गरेको छ। १०९६२ घरधुरीमा वसोवास गर्ने ३८ हजार १ सय १ व्यक्तिवाट दैनिक ५० टन फोहर उत्पादन हुने देखिन्छ । महानगरको फोहरमैला व्यवस्थापन शुल्कको लागि २०७५ सालदेखि एक सामुदायिक स्रोत तथा वातावरणीय विकास केन्द्र संग सम्झौता गरी कार्य गर्दै आईरहेको छ । पालिकाले फोहरमैला व्यवस्थापन गर्नको लागि लागत अनुमान तयार गर्दा विद्यमान जनसंख्या, घरधुरीसंख्या, दैनिक उत्पादन हुने फोहर र व्यवस्थापन गर्दा लाग्ने लागत समेत यथार्थपरक र वस्तुनिष्ठ भई लाभ लागत विश्लेषण गर्नुपर्ने हुन्छ । यस वर्ष पालिकाले संस्थामार्फत व्यवस्थापन नगरी अमानतमा रु.२२ लाख ७७ हजार राजस्व असुल गरेको छ । फोहरमैला व्यवस्थापनलाई वस्तुनिष्ठ र वैज्ञानिक पद्धति अपनाई प्रतिष्पर्धात्मक विधिवाट ठेक्का लगाई राजस्वको दायरा विस्तार गर्नुपर्दछ ।

५८ **सामुदायिक सिकाई केन्द्र :**

कार्यक्रम कार्यान्वियन पुस्तिका, २०८०/८१ को क्रियाकलाप नं. २.७.१३.११ को बुँदा नं. ६.७ अनुसार स्थानीय तहले नियमित रुपमा सञ्चालनमा रहेका सामुदायिक सिकाइ केन्द्रहरुको स्थलगत निरीक्षण गरेको, वार्षिक साधारण सभा भएको, साधरण सभाबाट बजेट र कार्यक्रम पास गरेको, गत आ.व.को खर्च स्वीकृत गरेको, लेखापरीक्षण गरी प्रतिवेदन पेश गरेको, शैक्षिक सूचना ब्यबस्थापन प्रणाली भरेको केन्द्रहरुलाई एकमुष्ट रु. २५०००० रकम अनुदान उपलब्ध गराउने व्यवस्था छ । पालिकाले देहाय बमोजिमका सिकाई केन्द्रलाई रु.७५००००।– मापदण्डमा उल्लेख भएको कागजात बेगर नै निकासा दिएको अनियमित भएको रु. ७५००००।–

| सि.न. | सिकाई केन्द्रको नाम | निकासा |
|---|---|---|
| १ | कृष्ण गण्डकी सामुदायिक सिकाई केन्द्र | २५०००० |
| २ | जनज्योती सामुदायिक सिकाई केन्द्र | २५०००० |
| ३ | पर्वत सामुदायिक सिकाई केन्द्र | २५०००० |
| | जम्मा | ७५०००० |

| | |
|---|---|
| अनियमित भएको | ७,५०,००० |

५९ **स्यानिटरी प्याड :**

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि २०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु १७६६ जना रहेका छन। पालिकाले भौ. नं. ७३ बाट २९३०५ थान स्यानिटरी प्याड रु. १०८६१६२।०० (मु अ कर समेत) मा खरिद गरेको छ। खरिद गरेको मध्ये १३ वटा बिधालयमा १५५२० थान वितरण गरीएको र वाँकी ७ वटा विधालयमा १३७८५ थान वितरण गर्न वाँकी रहेको छ । खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राख्नुका साथै खरीद गरीएका सामान समयमै वितरण गरी विद्यालयका छात्राले उक्त प्याड प्राप्त गरेको भरपाई पेश हुनुपर्नेमा पालिकाद्धारा विद्यालयमा उक्त प्याडको व्यवस्थापन र वितरण सम्वन्धमा अनुगमन गर्दै भरपाई पेश गर्नुपर्ने

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १०,८६,१६२ |

६० **शिक्षक दरवन्दी र पदपूर्ति :**

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विधालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको ब्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ६७ सामुदायिक विधालयहरुको शिक्षक दरबन्दी र पदपूर्तिको अवस्था एवं विधार्थिको संख्या निम्नानुसार रहेको देखिन्छ ।

| विधालयको किसिम | दरबन्दी संख्या | स्थायी पदपूर्ति | पदपूर्ति मध्ये राहत / करार | रिक्त दरबन्दी | बिधार्थि संख्या |
|---|---|---|---|---|---|
| सामुदायिक | ४२३ | ३१७ | १०५ | १ | ५०८८ |

दरवन्दी बमोजिम शिक्षक पदपूर्ति गर्नुपर्दछ

६१ **छात्रवृत्ति :**

१३८-२०८१।३।२१ कार्यक्रम कार्यान्वियन पुस्तिका, २०८०।८१ को क्रियाकलाप नं. ७.२.१.१ (क) अनुसार गैह्र आवासीय प्रकृतिका छात्रवृत्ति विद्यालयको मागका आधारमा तेस्रो त्रैमासिकमा विद्यालयलाई अनुदान दिने र विद्यालयले शैक्षिक सत्र सुरु भएको दुई महिनाभित्र विद्यार्थीलाई वितरण गरिसक्नुपर्ने एवँ स्थानीय तहले विद्यालयले छात्रवृत्ति वितरण गरेको भरपाई तथा समग्र कार्यक्रमको प्रभावकारिता अनुगमन गर्ने उल्लेख भएकोमा पालिकाले ६५वटा बिधालयलाई रु.१०३००००।०० छात्रवृत्ति अनुदान दिएकोमा बिधार्थीलाई वितरण गरेको रकमको भरपाई पेश नभएकोले प्रमाण पेश गर्नुपर्ने अन्यथा सम्बन्धित विद्यालयबाट असुल हुनुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १०,३०,००० |

६२ **नमूना विधालय :**

भौ.नं १४४/०८१-३-२२ कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।०८१ को क्रियाकलाप नं. २.७.१३.१३ अनुसार विधालयले स्वीकृत गुरुयोजनाको परिधिभित्र रही न्यूनतम पूर्वाधारहरुको प्राथमिकतामा उल्लेख गरेका क्षेत्रमा भौतिक निर्माण कार्यमा खर्च गर्नुपर्ने ब्यबस्था रहेको छ साथै सोही क्रियाकलापमा विधालयबाट स्वीकृत लागत अनुमान अनुसार अनुदान रकम माग गर्न लगाई स्वीकृत गरी प्रथम किस्ता वापत सम्झौता रकमको ५०% अनुदान निकासा दिने, स्टक्चरलपाटको कार्य सकिए पश्चात ३०% र कार्य सम्पन्न भएपश्चात २०% रकम अनुदान दिने ब्यबस्था रहेको छ । पालिकाले देहायका विधालयलाई अनुदान दिई खाता रोक्का भएकोमा गुरुयोजना अनुसार कार्य भएको देखिने प्रगति प्रतिवेदन तथा पालिकाबाट भएको अनुगमन प्रतिवेदन पेश हुनुपर्ने रु.

| क्र.सं | बिधालयको नाम | निकासा रोक्का रकम |
|---|---|---|
| १ | नारायण मा.बि.कुश्मा | ४५००००० |
| २ | हिमालय मा.बि.खुर्कोट | ३०००००० |
| | जम्मा | ७५००००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७५,००,००० |

६३ **दिवा खाजा :**

कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८०।८१ क्रियाकलाप नं. २.७.११.१ (घ) अनुसार दोस्रो त्रैमासिक देखि स्थानीयतहले विद्यालय भौतिक रुपमा पूरा समय चलेको दिन खाजा उलब्ध गराईएका विद्यालयको प्रधानाध्यापक र विव्यस अध्यक्षबाट विद्यार्थीको सङ्ख्यात्मक हाजिरी विवरण प्रमाणित गराई स्थानीय तहमा सङ्कलन गरी सङ्ख्या यकिन भए पश्चात मात्र थप अनुदान दिने व्यवस्था मिलाउने उल्लेख छ । त्यसैगरी क्रियाकलाप नं. २.७.११.१ (झ) अनुसार विद्यालयबाट गरिएको दिवा खाजा कार्यक्रमको निरीक्षण अनुगमन स्थानीय तहबाट गर्ने र सबै सामुदायिक विद्यालयमा दिवा खाजा अनुगमन निरीक्षण पुस्तिका खडा गर्नुपर्ने एवँ उक्त निरीक्षण पुस्तिकामा सङ्घिय सरकार, प्रदेश सरकार र स्थानीय तहका पदाधिकारी एवम् कर्मचारी र निरीक्षण अनुगमनमा खटिएका व्यक्तिले आफ्नो राय सुझाव दिने व्यवस्था रहेको छ । पालिकाले देहायका किस्तामा भौतिक रुपमा विद्यार्थि उपस्थितिको हाजिरी विवरण बेगर विद्यालयको मागको आधारमा रु.७६८३९००।०० निकासा दिएकोमा विद्यार्थीको हाजिरी एकीन गरी बढी भुक्तानी भए नभएको एकिन गर्नुपर्ने रु.

| सि.नं | भौ.नं. | किस्ता | निकासा रकम |
|---|---|---|---|
| १ | ४०।०८०-१०-१७ | प्रथम | ३९७६५०० |
| २ | १३८।०८१-३-२१ | द्वितिय | ३७०७४०० |
| | | जम्मा | ७६८३९०० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७६,८३,९०० |

६४ **सिकाई सामाग्री तथा डिजिटल सामाग्री व्यवस्थापनः**

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं २.७.१३.५० अनुसार पालिकाले प्रति विद्यार्थी लागतका आधारमा सिकाई सामाग्री तथा डिजिटल सामाग्री व्यवस्थापनका लागी ६४ विद्यालयलाई एकमुष्ठ रु. १०३५७००।०० अनुदान दिएको छ। उक्त कार्यान्वयन पुस्तिका अनुसार विद्यालयले उक्त अनुदान खर्च गरि प्रगती प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था रहेकोमा विद्यालयहरुले लेखापरीक्षण अवधि सम्म प्रगती प्रतिवेदन पेश नगरेकोले प्रगती प्रतिवेदन पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १०,३५,७०० |

६५ **आर्थिक लेखापरीक्षणः**

कार्यक्रम कार्यान्वयन पुस्तिकाकाको क्रियाकलाप नं २.७.१३.१० मा विद्यालयहरुलाई आर्थिक लेखापरीक्षण गर्नका लागि आधारभुत विद्यालयलाई प्रति विद्यालय रु. १०,००० र माद्यामिक विद्यालयलाई प्रति विद्यालय रु. १५,००० का दरले अनुदान उपलव्ध गराउने व्यवस्थानुसार पालिकाद्धारा भौ.नं ४०।२०८०-१०-१७ बाट ७० वटा विद्यालयहरुलाई आर्थिक लेखापरीक्षणको लागी रु. ७९००००।०० निकासा भएकोमा लेखापरीक्षणको अवधिसम्म आर्थिक लेखापरीक्षण प्रतिवेदन पेश नभएकोले प्रतिवेदन पेश गर्नुपर्ने रु.....

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,९०,००० |

६६ **पाठ्यपुस्तक :**

कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८०।८१ क्रियाकलाप नं. 2.4.6.1 अनुसार विद्यालयलाई पाठ्यपुस्तक वापतको रकम तेस्रो त्रैमासिक भित्र अनुदान दिने यसरी अनुदान दिँदा पहिलो पटकमा विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई मात्र अनुदान दिने र शैक्षिक शत्रमा भएको नयाँ विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणको आधार एकिन गरी नपुग हुने रकम

मात्र थप अनुदान दिने व्यवस्था छ। देहायका विद्यालयहरुको २०८१ को EMIS को विद्यार्थी संख्याको विवरणका आधारमा मात्र पाठ्यपुस्तक वितरण गर्नुपर्नेमा नमूना छनौटका आधारमा परीक्षण गर्दा ८ विद्यालयलाई बढी निकासा दिएको असुल हुनुपर्ने रु.

| विद्यालयको नाम | कक्षा | विधार्थी संख्या | खरिद संख्या | वढि खरिद | दर | असुल गर्नुपर्ने |
|---|---|---|---|---|---|---|
| नारायण माध्यमिक बिधालय, कुश्मा | ३ | २० | २६ | ६ | ५८१ | २९०५ |
| " | १ | १६ | १८ | २ | ५२१ | ५२१ |
| " | ९ | १२३ | १२७ | ४ | ९४८ | २८४४ |
| नुवार सुवेदीथर माध्यमिक बिधालय, कुश्मा | १ | १५ | १८ | ३ | ५२१ | १०४२ |
| " | ३ | १२ | १५ | ३ | ५८१ | ११६२ |
| " | ४ | १७ | २० | ३ | ५९६ | ११९२ |
| " | ५ | १४ | २० | ६ | ६३४ | ३१७० |
| " | ९ | १७ | १९ | २ | ९४८ | ९४८ |
| जनता सुदर्शन माध्यमिक विधालय,कुश्मा | ४ | १० | १२ | २ | ५९६ | ५९६ |
| " | ७ | १२ | १६ | ४( | ७४८ | २२४४ |
| पाङ धैरेनी मा.वि.कुश्मा | २ | १० | १३ | ३ | ५५७ | १११४ |
| " | ३ | १३ | १५ | २ | ५८१ | ५८१ |
| " | ४ | १३ | १५ | २ | ५९६ | ५९६ |
| " | ६ | ७ | १० | ३ | ७०७ | १४१४ |
| " | ७ | ११ | १४ | ३ | ७४८ | १४९६ |
| पञ्चकोशी मा.बि.कुश्मा | ६ | २१ | २३ | २ | ७०७ | ७०७ |
| " | ७ | २० | २५ | ५ | ७४८ | २९९२ |
| " | ८ | १८ | २१ | ३ | ८८२ | १७६४ |
| श्री काफलचौर मा.वि.कुश्मा | १ | ३ | ६ | ३ | ५२१ | १०४२ |
| " | ३ | ६ | ८ | २ | ५८१ | ५८१ |
| " | ४ | १० | १४ | ४ | ५९६ | १७८८ |
| " | ७ | २१ | २८ | ७ | ७४८ | ४४८८ |
| " | ८ | १८ | २० | २ | ८८२ | ८८२ |
| " | ९ | १९ | २१ | २ | ९४८ | ९४८ |
| " | १० | २५ | २७ | २ | १०८९ | १०८९ |
| पूर्णेश्वर मा.बि.कुश्मा | १ | २ | १० | ८ | ५२१ | ३६४७ |
| " | ५ | १७ | १९ | २ | ६३४ | ६३४ |
| " | ६ | १२ | २० | ८ | ७०७ | ४९४९ |
| श्री मंगलोदय मा.बि.कुश्मा | १ | ३ | ७ | ४ | ५२१ | १५६३ |
| " | ४ | १० | १४ | ४ | ५९६ | १७८८ |
| " | ७ | २० | २२ | २ | ७४८ | ७४८ |
| " | ८ | १५ | १७ | २ | ८८२ | ८८२ |
| | | | | | जम्मा | ५२३१७।- |

| असुल गर्नुपर्ने | ५२,३१७ |
|---|---|

६७ **बढी भुक्तानी :**

माध्यमिक, आधारभुत तहका स्वीकृत दरबन्दी शिक्षक, राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान र प्रारम्भिक बालविकास सहजकर्ताहरुको पारिश्रमिक तथा विद्यालयका कर्मचारी व्यवस्थापन अनुदान शिर्षक अन्तर्गतका 67 वटा विद्यालयका शिक्षक तथा कर्मचारीलाई बिधालयबाट प्राप्त माग फारमका आधारमा निकासा दिनुपर्नेमा लेखापरीक्षणको क्रममा नमुना छनौटको आधारमा परिक्षण

गर्दा देहायका विद्यालयहरुमा चारै त्रैमासिक गरी जम्मा रु. १४४७८९।- बढी निकासा भएको रकम असुल गर्नुपर्दछ । साथै अन्य विद्यालयको हकमा पालिकाबाट एकिन गरी बढी निकासा भएको रकम फिर्ता गरी सँघीय सञ्चित कोष दाखिला हुनुपर्ने

| सि.न. | बिधालयको नाम | चौमासिक निकासा | निकासा भएको | निकासा हुनुपर्ने | बढी निकासा |
|---|---|---|---|---|---|
| १ | कालिका माध्यमिक बिधालय, कुश्मा | तृतिय | १९४७७०४ | १८९४२४६ | ५३४५८ |
| २ | जनकल्याण आधारभूत बिधालय, कुश्मा | चतुर्थ | २१३४०६ | १८९४५६ | २३९५० |
| ३ | भगवती आधारभूत बिधालय, कुश्मा | चतुर्थ | ५२६०७५ | ४८४६६७ | ४१४०८ |
| ४ | विश्व ज्योती प्राविधिक तथा ब्यावसायिक माध्यमिक बिधालय, कुश्मा | तृतीय | २६१६२८५ | २६१४७८५ | १५०० |
| ५ | खरीबोट गोबिन्दनाथ देवशर्मा माध्यमिक बिधालय, कुश्मा | तृतीय | २१२४४२० | २११२४४७ | ११९७३ |
| ६ | सूर्य प्रकाश माध्यमिक बिधालय, कुश्मा | चतुर्थ | २१६६७६२ | २१६५२६० | १५०० |
| ७ | नव जागृती प्राविधिक विधालय, कुश्मा | चतुर्थ | ३६६८५७ | ३५५७८६ | ११००० |
| | | | | जम्मा | १४४७८९।- |

| असुल गर्नुपर्ने | १,४४,७८९ |
|---|---|

## ६८ विद्यालयको अनुगमन नियमन व्यवस्था :

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार माध्यमिक तहसम्मका विद्यालय संचालन तथा व्यवस्थापनको लागि आवश्यक नीति निर्माण, अनुगमन मुल्याङ्कन तथा नियमन सम्बन्धि कार्य सम्बन्धित पालिकाले गर्ने व्यवस्था भएकोमा पालिकाले विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन । जसबाट विद्यालय अनुगमन कार्य शिक्षण शिकाइ कार्य प्रभावकारी रुपमा संचालन हुन नसक्ने देखिएकोले अनुगमन मापदण्ड तयार गरी विद्यालय अनुगमन कार्यलाई प्रभावकारी रुपमा संचालन गर्ने तर्फ ध्यान दिनुपर्दछ । साथै पालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरेको नदेखिएकोले सो तर्फ पनि पालिकाले ध्यान दिनुपर्दछ ।

## ६९ निकासा रकम वढी :

कार्यक्रम कार्यान्वियन पुस्तिका, २०८०।८१ क्रियाकलाप नं २.७.१३.५० मा भएको ब्यबस्था अनुसार सिकाई सामाग्री तथा डिजिटल सामाग्री ब्यबस्थापनको लागि विधालयबाट भरीएको **IEMIS** प्रतिवेदनमा उल्लेखित विधार्थि संख्याका आधारमा विधालयलाई अनुदान दिने ब्यबस्था भएकोमा लेखापरीक्षणको क्रममा नमूना परीक्षण गर्दा विधालयले बढि बिधार्थि संख्या राखि माग गरेको निकासा रकम सम्वन्धित विद्यालयवाट असुल गरि संघीय सञ्चित कोषमा दाखिला हुनुपर्ने रु.......

| सि.नं | विधालयको नाम | **IEMIS** विधार्थि संख्या ( १ – ५) | विधालयको माग बमोजिम विधार्थि संख्या | बढि संख्या | दर | रकम |
|---|---|---|---|---|---|---|
| १ | **Bhagawati pra V** | ११ | २३ | १२ | १५० | १८०० |
| २ | Birendra Ma V | २० | ३२ | १२ | १५० | १८०० |
| ३ | Chandika Pra V | ११ | १८ | ७ | १५० | १०५० |
| ४ | Dalpokhari pra V | २५ | ३३ | ८ | १५० | १२०० |
| ५ | Devisthan pra V | २० | ४२ | २२ | १५० | ३३०० |
| ६ | Ganeshwor pra V | ४५ | ५७ | १२ | १५० | १८०० |
| ७ | Himalaya Ma V | ६२ | ९९ | ३७ | १५० | ५५५० |
| ८ | Jana Jagrati Pra V | १९ | २८ | ९ | १५० | १३५० |
| ९ | Jana Priya Basic school | ७ | २६ | १९ | १५० | २८५० |
| १० | Janak Ma V | ३० | ३७ | ७ | १५० | १०५० |
| ११ | Khaula Lakuri Secondary School | २९ | ४२ | १३ | १५० | १९५० |
| १२ | Poorneshwar Ma V | ४७ | ५५ | ८ | १५० | १२०० |
| १३ | Rani Swara Pra V | ९ | १९ | १० | १५० | १५०० |
| १४ | Saraswati pra V | ३ | १० | ७ | १५० | १०५० |
| १५ | Sarbajanik Ma V | ६० | ८४ | २४ | १५० | ३६०० |
| १६ | Shree Kaphalchaur Secondary School | ३५ | ५१ | १६ | १५० | २४०० |
| १७ | Shree Bal Mandir Basic school | ६० | ६९ | ९ | १५० | १३५० |
| १८ | Shree Mangalodaya Secondary School | ४० | ५३ | १३ | १५० | १९५० |
| १९ | Shuva Kalyan Adharbhut V | २१ | २९ | ८ | १५० | १२०० |
| २० | Siddeswor pra V | ५ | १३ | ८ | १५० | १२०० |
| २१ | Sindhali Pra V | ४९ | ५८ | ९ | १५० | १३५० |
| २२ | Suryodaya pra V | २९ | ३७ | ८ | १५० | १२०० |
| | | | | | जम्मा | ४१७०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४१,७०० |

७० **शिक्षकको तलबी प्रतिवेदन :**

शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा जारी गरीएको कार्यक्रम कार्यान्वियन निर्देशिका, २०८०।८१ अनुसार स्थायी शिक्षकहरुको तलबी प्रतिवेदन जिल्लाको शिक्षा विकास तथा समन्वय इकाइमार्फत विद्यालय शिक्षक किताबखानाबाट पारित गराई प्राप्त तलबी प्रतिवेदनको आधारमा अनुदान दिने व्यवस्था मिलाउने उल्लेख छ। पालिकाले आर्थिक बर्ष २०८०।८१ मा सम्पूर्ण शिक्षकको तलबी प्रतिवेदन पारित नगराई विद्यालयले माग गरेको मागको आधारमा तलव भत्ता भुक्तानी गरेको छ। जसबाट विद्यालयका सम्पूर्ण शिक्षकको तलब र ग्रेड यकिन गर्न सकिएन । तलवी प्रतिवेदन पारित गराएर मात्र शिक्षकहरुको तलव भुक्तानी गर्नुपर्दछ।

७१ **पाठ्यपुस्तकः**

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ अनुसार पालिकाले सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थी हरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान उपलब्ध गराएकोमा निम्न विद्यालयले लेखापरीक्षण अवधि सम्म पनि पाठ्यपुस्तक खरिद गरेको बिल र बिधार्थिलाई बुझाएको भरपाई पेश गरेको नपाईएकोले प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.......

| बिधालयको नाम | निकासा रकम | कैफियत |
|---|---|---|
| कालिका माध्यमिक विधालय,कुश्मा | १२३१९८ | पाठयपुस्तक खरिद गरेको बिल नभएको । |
| बिश्वज्योति प्राविधिक तथा ब्यावसायिक माध्यमिक बिधालय, कुश्मा | १०१०६२ | बिधार्थि लाई बुझाएको भर्पाई नभएको । |
| जम्मा | २२४२६० | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,२४,२६० |

७२ **ईन्टरनेट जडानः**

कार्यक्रम कार्यन्वयन पुस्तीका २०८०।०८१ को व्यवस्था अनुसार पालिका भित्रका ६४ विद्यालयमा विलका आधारमा ईन्टरनेट जडानका लागी प्रति विद्यालय रु. १२ हजार का दरले जम्मा रु. ७६८०००।०० अनुदान भुक्तानी भएकोमा सम्वन्धित विद्यालयमा ईन्टरनेट जडान भए नभएको सम्वन्धमा पालिकाले अनुगमन गरेको पाईएन ।

७३ **लगत कट्टा भएका व्यक्तीको भत्ता निकासाः**

सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम १३ मा सामाजिक सुरक्षा पाउने व्यक्तीको मृत्यू भएमा वा त्यस्तो सामाजिक सुरक्षा भत्ता पाउन योग्य नरहेमा उक्त लाभग्राहीलाई भत्ता पाउने सुचीवाट हटाई लगत कट्टा भएको दिनदेखी भत्ता दिन रोक्नुपर्ने व्यवस्था भएकोमा पालिकाले त्रैमासिक भत्ता वितरण गर्दा देहाएका व्यक्तीको लगत कट्टा पश्चात पनि भत्ता निकासा गरेको र वैङ्कले पठाएको फिर्ताको विवरणमा पनि फिर्ता नभई जम्मा भएको देखिएकोले उक्त सामाजिक सुरक्षा भत्ता असूल गरी संघीय सञ्चित कोष दाखिला गर्नुपर्ने रु.

| **वडा नं** | **नाम** | **किसिम** | **लगत कट्टा भएको मिति** | **कुल भुक्तानी** | **हुनुपर्ने भक्तानी** | **वढी भुक्तानी** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|
| १० | भिम प्र अधिकारी | अ. ज्ये. ना. भत्ता | २०८०।०८।१९ | ४८,००० | १८,५३३ | २९,४६७ | ४ वटै त्रैमासिक |
| | जम्मा | | | | | २९,४६७ | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २९,४६७ |

७४ **कृषि तथा पशुमा अनुदानः**

प्रदेश तथा स्थानीय तहमा सशर्त वितिय हस्तान्तरित कृषि विकास संचालन कार्यविधि २०८० अनुसार सरकारी अनुदान रकमको वितरण, सदुपयोग सही एवं समुचित तरिकाले गरी खर्चको सार्वजनिकिरण एवं अनुगमन हुनुपर्दछ र सो को प्रभावकारीता मापन गर्ने संयन्त्र विकास गरी उत्पादन तथा उत्पादकत्वमा वृद्धि आए नआएको सम्वन्धमा प्रतिवेदन वनाउनुपर्दछ। साथै अनुदानमा विउ वितरण गर्दा जग्गाको स्वामीत्व हेरी मात्र वितरण गर्नुपर्दछ। पालिकावाट प्राप्त विवरण अनुसार यस वर्ष संचालित प्रमुख कार्यक्रम देहाय अनुसार छन्

| गो.भौ.न.।मिति | विवरण | अनुदान रकम |
|---|---|---|
| १४२।२०८१।०३।२१ | ५० प्रतिशत अनुदानमा रैथाने बाली प्रवर्द्धन कार्यक्रम | २,४४,००० |
| १०८।२०८१।०३।०४ | ५० प्रतिशत अनुदानमा कागती वगैंचा व्यवस्थापन | १,६५,००० |
| ११२।२०८१।०३।०६ | ५० प्रतिशत अनुदानमा तरकारी बाली पकेट विकास कार्यक्रम | २,६०,८०० |
| ११२।२०८१।०३।०६ | ५० प्रतिशत अनुदानमा मकै बाली पकेट विकास कार्यक्रम | १,३२,७२० |
| ९५।२०८१।०२।२९ | ५० प्रतिशत अनुदानमा मेटल विन वितरण कार्यक्रम | १,७०,५४२ |
| १२९।२०८१।०३।१९ | ५० प्रतिशत अनुदानमा नयाँ कागती खेती विस्तार कार्यक्रम | ३,००,००० |
| १३४।२०८१।०३।२० | ५० प्रतिशत अनुदानमा कागती विरुवा वितरण कार्यक्रम | २,९४,००० |
| जम्मा | | १५,६७,०६२।०० |

• अनुदानको सहि सदुपयोग भए नभएको सम्वन्धमा अनुगमन प्रभावकारी छैन भने अनुदान पश्चातको उपलव्धी मापन गरेको छैन। अनुदानवाट प्राप्त लाभको विश्लेषण गरी आगामी दिनमा अनुदानको कार्यक्रम संचालन गर्नुपर्ने देखिन्छ। अनुदान रकम विभिन्न तरिकावाट साना साना कार्यक्रम वनाई वितरण गर्दा अपेक्षित प्रतिफल प्राप्त नहुने र यसले उत्पादकत्वमा समेत वृद्धि नगर्ने हुदा ठुला अनुदानका कार्यक्रम संचालन गरी कृषि पेशालाई आकर्षित गर्न अनुगमन प्रभावकारी वनाई दोहोरो (संघ, प्रदेश तथा स्थानीय तह) परे नपरेको एकीन गरिनुपर्दछ।

• कृषि तथा पशु पालन क्षेत्रमा आत्मनिर्भर वनाउन सरकारले कृषि वीमा तथा पशु वीमामा अनुदानका कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ। पालिकाले कृषि क्षेत्र तथा पशु क्षेत्रमा विभिन्न अनुदान दिएकोमा अनिवार्य वीमा गरेमा मात्र अनुदान दिने नीति तय गर्नुपर्नेमा वीमा गर्ने गराउने तर्फ पालिकाले ध्यान नदिइ अनुदानका कार्यक्रम मात्र सञ्चालन गरेको देखियो। एक सरकारले ल्याएको नीतिलाइ अर्को सरकारले सहयोग गर्ने गरी कार्यक्रम कार्यान्वियन गर्नुपर्दछ।

• किसान सूचिकरण कार्यक्रमका लागी प्रति वडा १ गणक नभएका कारण सबै वडाको किसान सूचिकरण व्यवस्थित हुन नसकेकोले एक वडा एक गणक भर्ना गर्नु पर्दछ।

• हरेक वडामा कम्तिमा एक हाते ट्रयाक्टर मर्मत गर्ने प्राविधिक भएमा विग्रिएका ट्रयाक्टर गाउँमै थोरै खर्चमा मर्मत गर्न सकिने भएकोले हाते ट्रयाक्टर मर्मत तालिम वडामा संचालन गर्नु आवश्यक देखिन्छ।

७५ **मिनि ट्रेलर खरिदः** (१८२-२०८१-३-२४):

सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ। सार्वजनिक खरिद नियमावली २०६४ नियम ८ वमोजिम १० लाख भन्दा वढीको खरिद गर्नुपरेमा वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस सामाग्रीको हकमा खरिद योजना तर्जुमा नगरि आ. व. २०७९।८० मा कृषि मेसिनरि खरिदमा भएको रु. २८,००,०००।०० मौज्दात राखि आ. व. २०८०।८१ मा मौज्दात सहित कुल रु. ६६,५०,०००।०० मा २६६ किसानहरुलाई ५० प्रतिशत अनुदानमा रु. २५,०००।०० का दरले विल भरपाईका आधारमा भुक्तानी गरेको छ। पालिकाले प्रतिस्प्रर्धात्मक विधि वाट खरिद गरि किशानलाई वितरण गर्नुपर्नेमा सिधै किशानले खरिद गरि पालिकावाट भुक्तानी गर्नु मनासिव देखिएन ।

७६ **हरियो घांस विस्तार कार्यक्रमः** (१४०-२०८१-३-२१):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई प्रमाण र कागजात संलग्न हुनुपर्ने उल्लेख छ। हरियो घांस विस्तार कार्यक्रम अन्तर्गत पालिकाले ३ किसान र २ गौशाला लाई कुल रु ५,००,००० भुक्तानी गरेकोमा उक्त किसान र गौशालाले यो वर्ष घांस विस्तारका लागी कुनै जग्गा खरिद, जग्गा निर्माण तथा घांस खरिद गरि लगाएको कुनै प्रमाण पेश नभएकोले भुक्तानी भएको रकमको खर्च पुष्टि हुने प्रमाण पेश हुनुपर्ने अन्यथा सम्वन्धित वाट असुल हुनुपर्ने रु.

| भुक्तानी पाउने | रकम |
|---|---|
| कुश्मा गौशाला | १,००,००० |
| जयन्द्र कुमार जोशि | ५०,००० |
| विरेन्द्र रिजाल | ५०,००० |
| शिव ढकाल | ५०,००० |
| नृरसिंह मन्दिर संरक्षण समिति | २,५०,००० |
| जम्मा | ५,००,०००।०० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,००,००० |

७७ **लघु उद्यम विकास कार्यक्रमः**

गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को दफा ३९ मा तालिमवाट उत्पादित सामान वा वस्तुहरुको व्यवस्थित अभिलेख राखी त्यस्ता उत्पादन सामाग्रीहरु प्रशिक्षण अवधिभित्रै परल मुल्यको पचास प्रतिशत छुट मुल्यमा सहभागीलाई नै विक्रि गरि प्राप्त रकम राजश्व खातामा दाखिला गर्नु पर्ने तथा कहीं पनि उक्त सामान विक्रि नभएमा स्टोर दाखिला गरि यथाशिघ्र लिलाम विक्रि गर्नुपर्ने व्यवस्था रहेको छ।

७७.१ (१२६-२०८१-३-१७):

पालिकाले सिप विकास तालिम अन्तर्गत केराको अचार तथा चिप्स वनाउने तालिममा रु. ७६,१५५ को कच्चापदार्थ खरिद गरि तालिम संचालन गरेकोमा उत्पादित अचारको डिव्वाहरु परल मुल्यको पचास प्रतिशत रकम नलिई सहभागीहरुलाई निशुल्क हस्तान्तरण गरेकोले अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ७६,१५५ |

७७.२ (१२६-२०८१-३-१७):

पालिकाले पुनर्ताजगी सिप विकास तालिम अन्तर्गत ४५ दिने ढाका साडी बुनाई तालिममा कुल रु. १,५१,६०० मध्ये रु. ४१,२९० को कच्चापदार्थ खरिद गरि तालिम संचालन गरेकोमा उत्पादित साडीहरु सौगात कोशेली घरमा विक्रिका लागी पठाएकोमा लेखापरीक्षण अवधि सम्म उक्त साडी विक्रि नभएको हुंदा यथाशिघ्र उद्यम विकाश शाखाले लिलाम विक्रि प्रकृयामा गई प्राप्त राजश्व संघीय संचित कोषमा दाखिला गर्नुपर्दछ ।

७८ **गरिवसंग विश्वेश्वर कार्यक्रमः**

गरिवसंग विश्वेश्वर कार्यक्रम कार्यान्वयन निर्देशिका, (तेस्रो संसोधन) २०६६ अनुसार यस पालिकामा संचालन भएको गरिवसंग विश्वेश्वर कार्यक्रममा रहेको कुल वजेट रु. ४,१५,०००।०० मध्ये रु. ४,१५,०००।०० नै खर्च भएको छ। उक्त खर्च मध्ये सामाजिक परिचालकको पारिश्रमिकमा मात्र रु. २,०५,०००।०० अर्थात ४९.४० प्रतिशत खर्च भएको देखिन्छ। वांकी रकम मध्येबाट मशलन्दमा रु. १०,०००।०० तालिममा रु. ७५,०००।०० र २० जना लाभग्राहीलाई रु. ६,२५० का दरले रु. १,२५,०००।०० कृषि तथा पशुपालन तर्फ अनुदान वितरण गरिएको छ। वितरण गरिसकेपछि त्यसको अवस्था र उपलव्धि वारे सम्वन्धितवाट अनुगमन गरि प्रतिवेदन पेश नभएकोले उक्त कार्यक्रम लक्ष्यउन्मुख भएको एकीन हुन सकिएन। कार्यक्रमको आवश्यकता र औचित्यमाथी छलफल गरी अघि बढ्नुपर्ने देखिन्छ ।

७९ **प्रधानमन्त्री रोजगार कार्यक्रमः**

प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशका, २०७५ अनुसार स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवं सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवन यापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रम अन्तर्गत स्थानीय तह भित्रका वडाहरुमा नगर सरसफाई, नाली खन्ने, पहिरो सफा गर्ने, ग्याविन जाली भर्ने तथा बाटो निर्माण काम लगायतका १७ निर्माणका कार्यक्रम सञ्चालन गरी यस वर्ष १५३ जनालाई रोजगारी उपलव्ध गराई कुल ज्याला रु. ५२ लाख ३२ हजार ४४४ खर्च गरेको छ। लक्षित वर्गलाई औषत ५१ दिन सम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन्। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भएता पनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन।

८० **तलबि प्रतिवेदन :**

निजामती सेवा ऐन 2049 को दफा 7 (ख) 2 वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्ने व्यवस्था छ। पालिकाले स्वास्थ्य तर्फका ५१ जना स्थायी कर्मचारीहरुको तलवी प्रतिवेदन पारित नगरी करार ४० समेत कुल ९१ जना कर्मचारीहरुको कुल रु. ३,७६०००००।०० तलब खर्च लेखेको पाईयो। । यसरी तलबि प्रतिवेदन पारित नगराई खर्च गर्दा तलव भत्ता तथा ग्रेडको सम्बन्धमा एकिन गर्न सकिएन । ऐनको व्यवस्था वमोजिम तलवी प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ।

८१ **औषधी खरिद :**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । स्थानीय तहले विभिन्न फर्महरुवाट रु.२१०९५४२।०० को औषधि कोटेशनद्धारा खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु न्निानुसार छनः

- आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको
- औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको ।

तसर्थ औषधिको खरिद आपूर्ती दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी स्वास्थ्य सेवाबाट प्रमाणित कार्य निर्देशिका अनुसार **LMIS** मा प्रविष्ट गरि जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ।

| **गो.भौ.नं र मिति** | **आपुर्तिकर्ता** | **खरिद विधि** | **रकम** |
|---|---|---|---|
| १३३।२०८१।३।२० | हितु नुतन मेडिको फर्मा, बाग्लुङ्ग | कोटेशन | १५०९५४२ |
| ५७६।२०८१।३।२ | समानान्तर मेडिको फर्मा | कोटेशन | ६००००० |
| **जम्मा** | | | २१०९५४२।०० |

८२ **पोलबत्तीको महशुल भुक्तानी:**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा खर्च गर्दा खर्चको बिलभरपाई सहित लेखा राख्नुपर्ने व्स्था छ। त्यस्तै सोही नियमावलीको नियम ३९(१०) मा कुनै रकमको भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गरी भुक्तानी गर्नुपर्ने उल्लेख छ ।नेपाल विद्युत प्राधिकरण वद्युत महशुल संकलन नियमावली २०७८ को नियम ७ मा सार्वजनिक सडकमा बत्ति बाल्ने प्रयोजनका लागि स्थानीय तह वा टोल/सडक क्षेत्रका नागरिकले उपभोक्ता समूह गठन गरी छुट्टै मिटर जडान भएका र नभएका सडक बत्तिसँग सम्बन्धित उपभोक्ताहरू सम्बन्धि व्यवस्था गरेको छ ।त्यस्तै नियम १३ मा सामुदायिक थोक उपभोक्ताः ग्रामीण क्षेत्रमा सामुदायिक रूपमा विद्युत वितरण सेवा प्रदान गर्ने उद्देश्यले सहकारी ऐन, २०७४ बमोजिम दर्ता भई एक विन्दुमा मिटर जडान गरी त्यस क्षेत्रका उपभोक्ताहरूलाई विद्युत वितरण गर्न नेपाल विद्युत प्राधिकरणेंग सम्झौता गरेका वितरक संस्थाहरू भनी वर्गीकरण गरेको छ ।

विद्युत महशुल दर तथा महशूल गणना विधि समेत ग्राहक तथा स्थान विशेष फरक व्यवस्था रहेको छ। त्यस्तै नेपाल विद्युत प्राधिकरणले २०८०।८।०६ मा गोरखापत्रमा सुचना प्रकाशन गरी बाँकी बक्यौता तथा महशुल समयमै बुझाउन सबै ग्राहकहरुमा अनुरोध गरेको पत्र रहेको छ । यस पालिकाले गत विगतको बाँकी बक्यौता महशुल भौ न २७६ मिति २०८०।२।६ बाट रु ५० लाख नेपाल विद्युत प्राधिकरणलाई जरिवाना सहित भुक्तानी गरेको छ ।नेपाल विद्युत प्राधिकरणले उक्त बाँकी बक्यौताको विल विगतमा नगरेको र हाल २०७९ साल कार्तिक बाट २०८० बैशाख सम्मको महशुल भनि विलमा स्पष्ट उल्लेख गरी सोही विललाई बक्यौता भनी पालिकाबाट भुक्तानी भएको देखिन्छ । वडा नं ४,५,६,७ र ८ वडाहरुमा सडक वत्ति रहेकोमा उक्त सडक वत्ति कहिले बाट जडान भएको हो सो को यकिन विवरण छैन । हाल उक्त सडक बत्तिको अवस्था के रहेको छ ? कुन कुन सडक वत्ति बलिरहेको छन् र के कति मर्मत गर्नुपर्ने अवस्थाका रहेका छन सो को अभिलेख तथा विवरण लेखापरीक्षणमा प्राप्त भएन ।हालसम्म उक्त सडक बत्तिको मिटर जडान तथा मिटर रिडिङ्ग बेगर भुक्तानी भएको देखिन्छ ।पालिका तथा नेपाल विद्युत प्राधिकरण बिच भएको सम्झौता के रहेको छ ? उक्त पोल बत्ति जडान गर्दा लागेको पोलको खर्च प्राधिकरणले सोधभर्ना गरे नगरेको यकिन विवरण समेत नरहेको अवस्थामा विद्युत महशुल निम्नानुसार जरीवाना सहित भुक्तानी भएको पाइएकोले पालिकाले यस सम्बन्धमा अनुगमन गरी पोल बत्तिको विवरण अद्यावद्यिक गरी नियमित गर्नुपर्ने देखिएको रु

| सि नं | महिना | महशुल |
|---|---|---|
| १ | ७९ श्रावण | ८००००० |
| २ | ७९ कार्तिक | १४००००० |
| ३ | ७९ आश्विन | १२००००० |
| ४ | ७९ मंसिर | १३००००० |
| ५ | ८० माघ, फागुन | ३९०४४ |
| ६ | ८० बैशाख | २५७१७७ |
| | जम्मा | ४९९६२२१ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४९,९६,२२१ |

८३ **मर्मत सम्भार-**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९६ मा सार्वजनिक निकायमा रहेको कुनै मालसामान मर्मत गर्नुपर्ने भए लागत अनुमान स्विकृत गराई मालसामानको आफ्नै वर्कसप र मर्मत केन्द्र भए सार्वजनिक निकायले त्यस्तो मालसामानको मर्मत त्यस्तो बर्कसप वा सवारी साधन तथा मेशिनरी औजारको आधिकारीक बिक्रेताको मर्मत केन्द्रवाट गराउनुपर्ने ब्यबस्था छ । यस बर्ष पालिकाको सवारी साधन मर्मत र मेशिनरी तथा औजार मर्मत कुल बजेट रु ४५०००० रहेकोमा खर्च भक्तानी सवारी साधन मर्मत रु. २९९९९८६ र मेशिनरी तथा औजार मर्मत संभार रु.६३६६४९।समेत रु. ३६३६६३५ खर्च लेखेकोमा नियमावलीको प्रकृया वमोजिम लागत अनुमान स्विकृत गरी सवारी साधन तथा मेशिनरी औजारको आधिकारीक बिक्रेताको बर्कसप वा मर्मत केन्द्रवाट मर्मत गराएको देखिएन । नियमको पालना तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

८४ **आर्थिक सहायता :**

कुश्मा नगरपालिका आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७६ को बुँदा नम्बर २ मा आर्थिक सहायता सम्बन्धी व्यवस्था गरेको छ। नगरपालिकाले यस वर्ष विभिन्न संघ संस्था, राजनैतिक दल तथा व्यक्तिलाई आर्थिक सहायता वापत उद्धार, राहत तथा पुनर्स्थापना खर्च शीर्षकबाट रु ७९६१०४, सामाजिक सुरक्षा शीर्षकबाट रु ९९८०००। र अन्य संघ संस्थालाई सशर्त चालु अनुदान शीर्षकबाट रु

१३४०६२६।र धार्मिक तथा सांस्कृतिक सहायताबाट रु १११४७११ गरी जम्मा रु ४२४९४४१। खर्च गरेको छ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् ।

नगरपालिकाले आर्थिक सहायता उपलब्ध गराउँदा मेडिकल बोर्ड वा क्षेत्रीयस्तरको अस्पताल वा नगरपालिकाको विपन्न असाहय कडा रोग सिफारिस समितिको सिफारिसका आधारमा बढीमा रु ५०००० सम्म नगरप्रमुखको लिखित आदेशमा प्रमुख प्रशासकीय अधिकृतले सहायता रकम उपलब्ध गराउने व्यवस्था भएकोमा वडा कार्यालयको सिफारिशको आधारमा मात्रै आर्थिक सहायता उपलब्ध गराएको देखियो।

- कुश्मा नगरपालिका भित्र बसोबास गर्ने आर्थिक अवस्था कमजोर भएका र संरक्षक नभएका अशक्त बिरामी, अपाङ्ग भएका व्यक्ति, अति विपन्न व्यक्तिहरु, बेखर्ची व्यक्तिहरु र प्राकृतिक प्रकोप तथा विपत्तिमा परेका व्यक्तिहरुलाई सम्बन्धित व्यक्तिको निवेदन, निजको नागरिकताको प्रतिलिपिको आधारमा बढीमा रु ५००० सम्म नगर प्रमुखको लिखित आदेशमा प्रमुख प्रशासकीय अधिकृतले सहायता रकम उपलब्ध गराउने व्यवस्था छ। पालिकाले कार्यविधि विपरित निम्न संघ संस्थालाई आर्थिक सहायता वितरण गरेको पाइयो। कार्यविधिमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

| भौ न | मिति | सघसस्था वा व्यक्ति। फर्म | रकम |
|---|---|---|---|
| १६० | २०८०।१०।०९ | गुप्तेश्वर धार्मिक तथा पर्यटकीय संस्था | २५००० |
| | | नवमार्ग आमा समूह | २५००० |
| ६२५ | २०८१।३।२४ | गुप्तेश्वर धार्मिक पर्यटन प्रवर्द्धन संस्था | ५०००० |
| ११४ | २०८०।८।०५ | ब्रह्मकुमारी राजयोग प्रशिक्षण केन्द्र | २५००० |
| १६४ | २०८०।१०।११ | राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपाल | ३५००० |
| १७० | २०८०।१०।१२ | पर्वत व्याडमिन्टन संघ | ९६००० |
| १९१ | २०८०।१०।१७ | नेपाल मगर भूतपूर्व शैनिक संघ | ९८५० |
| १७० | २०८०।१०।१७ | भक्तेश्वर कालिका आमा समूह | १९७००० |
| ६२५ | २०८१।३।२४ | जिल्ला भलिबल संघ पर्वत | ५०००० |
| ६११ | २०८१।३।२४ | कर्मचारी मिलन केन्द्र | २०००० |
| ५८७ | २०८१।३।२४ | नारी उत्थान समाज | ५०००० |
| २६६ | २०८०।१२।१२ | पाङ युवा क्लब | ४०००० |
| | | जम्मा | ६२२८५० |

| | |
|---|---|
| अनियमित भएको | ६,२२,८५० |

८५ **स्थानीय पाठ्यपुस्तक छपाई तथा वितरण:** (५५८-२०८१-३-१९):

सार्वजनिक खरिद ऐन ,२०६३ दफा ४ मा सार्वजनिक निकायले मालसामान, निर्माण कार्य वा सेवा खरिद गर्नु अघि त्यस सम्बन्धि स्पेशिफिकेशन, विशेष आवश्यकता वा अन्य विवरणहरु तयार गर्नपर्ने उल्लेख छ । साथै सोही ऐनको दफा ५ मा सार्वजनिक निकायले कुनैपनि खरिदको लागि तोकिएबमोजिम लागत अनुमान तयार गर्नुपर्ने र निर्माण कार्यको हकमा बाहेक रु एक लाख भन्दा बढीको खरिद कार्यमा अनिवार्य रुपमा लागत अनुमान तयार गर्नुपर्ने र उपदफा ५(क) अनुसार उक्त लागत अनुमान तोकिएको पदाधिकारीबाट स्वीकृत गराएर मात्र खरिद कार्य गर्नुपर्ने उल्लेख छ ।साथै कुनै सामाग्री खरिद गर्दा स्टक रहने गरी खरिद गर्न नुहेन व्यवस्था रहेको छ ।यस पालिकाले उल्लेखित भौचर तथा मितिमा बन्धु अफसेट प्रेस बाट ६०० परिमाण ३२७.७ दरमा रु १९६६२० को छपाई गरेको र हाल

उक्त पुस्तक स्टोरमै स्टक रहेको छ । स्थानीय पाठ्यक्रम अनुरुपको कक्षा १ को पाठ्यपुस्तक छपाई गरेकोमा परिमाणको अनुमान तयार गर्दा सम्बन्धित विद्यालयको मागको आधारमा तयार गरेको पाइएन । हाल पालिकामा ६७ आधारभुत विद्यालयहरु रहेका छन् भने कुनैपनि विद्यालयहरुले सो पुस्तक माग गरेको तथा उक्त पुस्तक के कति परिमाणमा वितरण हुने हो सो को स्पष्ट अभिलेख देखिँदैन । अत: यस सम्बन्धमा आवश्यक प्रमाण तथा कागजात पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,९६,६२० |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : कुश्मा नगरपालिका, पर्बत , कुश्मा नगरपालिका , पर्वत

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | चण्डिका पौडेल | २०८०-१-२७ | २०८०-५-२५ |
| कार्यालय प्रमुख | विष्णु प्रसाद तिवारी | २०८०-५-२६ | २०८१-८-१७ |
| कार्यालय प्रमुख | उदय वहादुर पराजुली | २०८०-८-१८ | २०८०-९-२८ |
| कार्यालय प्रमुख | बिष्णु प्रसाद तिवारी | २०८०-९-२९ | २०८०-१२-२५ |
| कार्यालय प्रमुख | घनश्याम गौतम | २०८०-१२-२६ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | धनपति पौडेल | २०७८-१०-१३ | २०८०-११-१३ |
| लेखा प्रमुख | अमृत प्रसाद रेग्मी | २०८०-११-१४ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १०,३७१,८०१ | ११,९२०,८१७ | २५,७४०,०७९ | ० | ० | २,१२५,००० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ५०,१५७,६९७ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | ० |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ५०,१५७,६९७ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ८४६९०९०९.८६ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ५६६४११५४७.१४ | **चालु खर्च** | ६२३०६०२८४.३५ |
| **प्रदेश सरकारबाट अनुदान** | २८४६७४८८ | **पूँजीगत खर्च** | १३९८६३२७८.८५ |
| **राजश्व बाँडफाँट** | ११६२४१९७८.२४ | **वित्तीय/अन्य व्यवस्था** | १०२४६०४८.६३ |
| **आन्तरिक आय** | २२१५९४८०.०५ | | |
| **अन्य आय** | २१७२४४९३.५ | | |
| **कुल आय** | ७५५००४९८६.९३ | **कुल खर्च** | ७७३१६९६११.८३ |
| **बाँकी मौज्दात** | | ६६५२६२८४.९६ | |

# सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ।निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चिततताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।

- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फस्यौंट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फस्यौंटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फस्यौंट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फस्यौंट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।